
किडस्टोन
बाइबल
भाग १०
प्रेरित
Thracien
Paphlagonien
Mitylene
Chios
Ikonion
Lystra
Derbe

किङ्स्टोन

# बाइबल

भाग १०

## प्रेरित

KINGSTONE COMICS




लेखकः सेन्डी एलोक

सम्पादकः डोरेन बटन, बेन एवरी

ग्रीक सम्पादकः जेम्स ए. स्विसन

नक्साः रस्सी रसेल, बाइबल-इतिहास

परियोजना प्रबन्धकः केली एरिस

पेंसिलः जाभायर साल्टेर्स

मसीः क्रिस आईवी

रङः बेन प्रेनेभोस्ट

पत्रहरूः जाच मैथनी

डिजाइनः जाच मैथनी, केन रानी

किङस्टोन कमिक्सद्वारा प्रकाशित
www.KingstoneMedia.com
सर्वाधिकार © २०१६

संयुक्त राज्यको प्रतिलिपी नियमले गरेको व्यवस्थाबाहेक यस प्रकाशनको कुनै पनि अंशलाई प्रकाशकको पूर्व अनुमतिबिना छाप्ने, कम्प्युटरमा संचय गरिराख्ने वा विद्युतीय, यान्त्रिक, फोटोकपी, रेकर्डिङ वा अन्य कुनै पनि माध्यमद्वारा प्रसारित गर्न पाउनेछैन ।

किङस्टोन

# बाइबल

भाग १ – सुरुवात

भाग २ – वंशपिताहरू

भाग ३ – दश आज्ञाहरू

भाग ४ – न्यायकर्ताहरू

भाग ५ – राजाहरू १

भाग ६ – राजाहरू २

भाग ७ – निर्वासन

भाग ८ – अगमवक्ताहरू

भाग ९ – ख्रीष्ट

**भाग १० - प्रेरित**

भाग ११ – पत्रहरू

भाग १२ – प्रकाश

KINGSTONE COMICS

# ACTS



# लेखकको तर्फबाट केही कुरा

सामान्यतया: लेखकहरूले ऐतिहासिक विवरणहरू तथा संवादहरूको बारेमा अनुमान लगाउँछन् । बाइबलका अध्यायहरूबाट वचन प्रचार गर्ने क्रममा पाष्टरहरूले पनि यसै गर्छन् ।

प्रेरितको यस चित्रात्मक पुस्तकमा पावलको बारेमा बाइबलले बताएको धेरैजसो कुराहरू बडो सावधानीपूर्वक (संक्षिप्त रुपमै भएतापनि) मैले समावेश गरेको छु भने यसलाई चित्रात्मक उपन्यासको रुप दिन यसको कथामा केही काल्पनिक विवरणहरू र संवादहरू पनि थपेको छु । उदाहरणको लागि, पावलको साथीहरूप्रतिको लगावलाई विचार गरेर तिनले आफ्ना साथीहरूसित कुरा गरेको र ठट्टा गरेको कुरा स्वभाविक नै मान्न सकिन्छ ।

मैले पावललाई उनका केही सहयोगीहरूसित मुक्केबाजी खेलिरहेको देखाएको छु । हामीलाई थाहा छ कि उनी प्रतिस्पर्धात्मक दौड र मुक्केबाजीसित परिचित थिए : "यसकारण म लक्ष्य नराखी म दगुर्दिनँ । हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ ।" (१ कोरिन्थी ९:२६) । पावल कोरिन्थमा अठार महिना बसेकाले संभवत: उसले त्यस सहरको प्रख्यात इस्मियन खेलहरू देखेको हुनुपर्छ र त्यसको बारेमा मानिसहरूले टिकाटिप्पणी गरेको पनि सुनेको हुनुपर्छ । यिनै काल्पनिक दृश्यहरूमार्फत् पावल पनि एउटा मानव नै थिए भनी देखाउने मेरो प्रयास हो ।

प्रेरितको पुस्तकको विषयवस्तु परमेश्वरको प्रेरणाद्वारा लेखिएको हो, थपिएका काल्पनिक कुराहरू चाहिँ होइनन् । मेरो उद्देश्य बाइबलविपरीत कुनै कुराहरू लेख्नु नभई केवल कथालाई सललल बग्न दिनु मात्रै हो ।

तपाईहरूले यी दुई पुस्तकहरू : लूकारचित सुसमाचार अनि प्रेरितको पुस्तक पढ्नुहोस् भनी म तपाईंहरूलाई उत्साह दिन चाहन्छु । यी दुवै पुस्तकले येशू, पावल र सुरुका ख्रीष्टियनहरूका विषयमा सुन्दरतापूर्वक ढङ्गले, शक्तिशाली ढङ्गले अनि सटिक ढङ्गले बताएको छ । मेरो विचारमा तपाईंले पढ्नुपर्ने सबैभन्दा महत्वपूर्ण कथाहरू यिनै हुन् ।


प्रेरितको यो चित्रात्मक पुस्तकको लेखन अनि यसका चित्रकारहरू र किङस्टोन कमिक्ससित मिलेर काम गर्ने कुरालाई मैले औधि मन पराएको छु । आशा छ, तपाईंले यसको प्रतिफललाई रसास्वादन गर्नुहुनेछ !

**र्‍यान्डी एलकर्न**




एउटा कथाको विश्‍वसनीयता यसको बयानकर्तामा भर पर्दछ, त्यसैले म को हुँ भनी म पहिले भन्न चाहन्छु ।
म एउटा इतिहासकार तथा जीवनीकार हुँ ।
मैले ख्रीष्टको जीवन र मण्डलीको इतिहासबारे लेखेको छु ।
दर्शनको मूल्य छ, तर यो ऐतिहासिक घटना हो जुन म रेकर्ड गर्छु ।
यी पृष्ठहरूमा, म तपाईंलाई मण्डलीको कथा बताउनेछु अनि येशू ख्रीष्टद्वारा चुनिएका एउटा विशेष व्यक्तिको बारेमा बताउनेछु अनि ती हुन् प्रेरित पावल ।
म जन्मँदा मेरो नाउँ थियो लूकानोस अनि म एउटा ग्रीक कुलीन खानदानमा जन्मेको थिएँ ।
मेरो बाबुको नाउँ अलेक्जेण्डर थियो अनि मेरी आमा ओलेम्पिया एउटी सुन्दर र सुसंस्कृत स्त्री हुनुहुन्थ्यो ।
मैले प्लेटो, एरिस्टोटललाई अध्ययन गरेको अनि होमरका महाकाव्यहरू पढेको उहाँहरू चाहनुहुन्थ्यो ।
म एउटा तालीमप्राप्त चिकित्सक तथा औषधीको एउटा डाक्टर हुँ ।
तर मेरो सरोकारको विषय थियो, सत्यता !
तपाईंहरूले अब पढ्नुपर्ने विवरणहरू विश्‍वसनीय साक्षीहरू र सावधानीपूर्वक गरिएको अनुसन्धानबाट मैले सिकेको हुँ ।
अनि ती वास्तवमै मेरा आँखाहरूले देखेका घटनाहरू पनि हुन् ।


उहाँले चुन्नुभएका प्रेरितहरूलाई पवित्र आत्माद्वारा येशूले निर्देशनहरू दिनुभएको थियो ।
हे माननीय थियोफिलस, येशू स्वर्गमा उठाइलगिनुभन्दा अधिसम्म उहाँले गर्नुभएको र सिकाउनुभएको सबै कुराहरूको बारेमा यो भन्दा अधिको पुस्तकमा मैले उल्लेख गरेथैं ।
मृतकबाट उहाँ जीवित भइउठ्नुभएपछि उहाँ यी मानिसहरूकहाँ समय समयमा देखापर्नुभयो र धेरै अचूक प्रमाणहरूद्वारा आफू जीवित भएको प्रमाणहरू दिनुभयो ।
यसै समयमा उहाँ ५०० भन्दा बढी मानिसहरूद्वारा पनि देखिनुभयो ।
उहाँले तिनीहरूलाई एउटा स्पष्ट आज्ञा पनि दिनुभयो ।
.....यरूशलेम छोडेर कतै नजानू तर पिताको प्रतिज्ञालाई पर्खनू जसको विषयमा तिमीहरूले मबाट सुनेका छौ ।
यूहन्नाले तिमीहरूलाई पानीले बप्तिस्मा दिए तर केही दिनपछि तिमीहरूले पवित्र आत्माको बप्तिस्मा पाउनेछौ ।
प्रेरित १:१-५, १ कोरिन्थी १५:६



प्रेरितहरूले उहाँलाई सोधे...
के तपाईंले यही समयमा इस्राएललाई राज्य फिर्ता गरिदिनुहुन्छ ?
तर परमेश्वरको वृहत् योजनालाई तिनीहरूले अझै बुझिसकेका थिएनन.....
पिताले आफ्नै अधिकारमा राख्नुभएका समयहरू र घडीहरूको विषयमा जान्ने काम तिमीहरूको होइन।
जब पवित्र तिमीहरूमाथि आउनुहुनेछ, तब तिमीहरूले शक्ति पाउनेछौ र तिमीहरू यरूशलेममा, सारा यहूदिया र सामरियामा अनि पृथ्वीको छेउसम्म मेरा निम्ति साक्षी हुनेछौ।
आफ्ना चेलाहरूलाई यी निर्देशनहरू दिइसक्नुभएपछि, उहाँ स्वर्ग उठाइलगिनुभयो।
तर एउटा अन्तिम निर्देशन चाहिँ उहाँका चेलाहरूलाई एउटा स्वर्गदूतले दिएका थिए...
तिमीहरू किन आकाशतिर हेर्दै उभिँदैछौ ?
स्वर्गमा उठाइँदै गरेको बेला तिमीहरूले देखेको यही येशू यही प्रकारले तिमीहरूकहाँ फेरि आउनुहुनेछ।


येशूको स्वर्गारोहणपछि, चेलाहरू यरूशलेम फर्के ।
तिनीहरू, केही स्त्रीहरू र येशूकी आमा मरियम र उहाँका भाइहरू निरन्तर प्रार्थनामा लागिरहे ।
तिनीहरूले प्रार्थना गरिसकेपछि, पत्रुसले १२० जना विश्वासीहरूको एउटा झुण्डलाई सम्बोधन गरे ।
येशूलाई पक्रनेहरूका अगुवा हुने.....
...यहूदाको बारेमा परमेश्वरले भन्नुभएको धर्मशास्त्रको वचन पूरा हुनैपर्थ्यो ।
यहूदा हाम्रै झुण्डको सदस्य थियो र त्यसले हाम्रै सेवामा हिस्सा पाएको थियो ।


भजन संग्रहको पुस्तकले भन्दछ कि त्यसको वासस्थान उजाड होस्....
....र त्यसको पद अर्कोले ल्याओस् ।
शुरुदेखि नै हामीसित रहेका कसैलाई हामीले छान्नुपर्दछ......
मेरो प्रस्ताव युसूफको निम्ति छ – उहाँ प्रभुको पुनरुत्थानका साक्षी हुनुहुन्छ ।
हो, र एउटा असल व्यक्ति पनि ।
अनि म मत्तीयासलाई सिफारिश गर्दछु । उहाँ विश्वास र पवित्र आत्माले भरिपूर्ण हुनुहुन्छ ।


प्रभु, तपाईँ सबैका हृदय जान्नुहुन्छ ।
यस प्रेरितीय सेवामा भाग लिन यहूदाको रिक्त स्थानमा तपाईंले कसलाई छान्नुभएको छ, हामीलाई देखाउनुहोस् ।
अनि चेलाहरूले चिट्ठा हाले....
...र त्यो चिट्ठा मत्तीयासको नाममा पर्‍यो ।
यहूदाको स्थान लिन उनी बाह्रौं प्रेरितको रूपमा चुनिए ।


यहूदीहरूले मनाउने पेन्टिकोष्टको चाडको समयतिर चेलाहरू एक ठाउँमा भेला भएका थिए ।
एक्कासी स्वर्गबाट एउटा भारी आँधी चलेझैँ एउटा आवाज आयो र तिनीहरू बसेको घरलाई भरिदियो अनि आगाका जिब्रा तिनीहरू मध्ये हरेकमाथि बस्यो ।


भक्त यहूदीहरूले जब यो आवाज सुने, तिनीहरू दौडिँदै आए ।
मैले मेरै भाषा मिडेनमा येशूमा मुक्ति छ भन्ने कुरा पो सुन्दैछु त !
अनि मैँले फ्रिजियन भाषामा परमेश्वरले कसरी मेरो पाप क्षमा गर्न सक्नुहुन्छ भनी सुन्दैछु !
परमेश्वरका महान् कार्यहरूको बारेमा मेरो भाषा एलामाइटमा मैँले सुन्दैछु !


तिनीहरू हरेकले पवित्र आत्माले दिनुभएको उच्चारण अनुसार अन्य भाषामा बोल्न लागे ।
तिनीहरू मातेर चूर भएका हुन् !
हो, चाडमा धेरै रक्सी पिएर तिनीहरू मातेका हुन् ।

प्रेरित २:१–१३


पत्रुस बोल्नलाई खडा भए । उनी परिवर्तित भएका मानिस थिए ।
उनले त्यस दिन बोलेका वचनहरू अत्यन्तै प्रभावकारी थियो...
तपाईँहरूले सोच्नुभएजस्तो यी मानिसहरू पिएर मातेका होइनन् किनभने अहिले बिहानको नौ मात्र बजेको छ !
यसबको बारेमा अगमवक्ता योएलले भनेका छन् कि अन्तिम दिनहरूमा परमेश्वरले आफ्नो आत्मा खन्याउनु हुनेछ ।


अनि माथि आकाशमा अचम्मका कामहरू र तल पृथ्वीमा चिह्नहरू हुनेछन् ।
अनि प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ ।
सबै इस्राएलले यो थाहा पाओस् – तपाईंहरूले जुन येशूलाई क्रूसमा टाँग्नुभयो, उहाँलाई परमेश्वरले प्रभु र ख्रीष्ट तुल्याउनु भएको छ ।
पापहरू क्षमाको निम्ति तपाईंहरू हरेकले प्रभु येशू ख्रीष्टको नाउँमा पश्चाताप र बप्तिस्मा लिनुहोस् ।
तब तपाईंहरूले पवित्र आत्माको वरदान पाउनुहुनेछ ।
प्रेरित २:१४-४१


त्यसदिन हजारौँ मानिसहरूले विश्वास गरे ।
...३,००० मानिसहरूले बप्तिस्मा लिए र ख्रीष्टका अनुयायीहरू अत्याधिक संख्यामा बढ्दै गए ।
प्रेरितहरूका शिक्षालाई सुन्ने कुरालाई तिनीहरूले प्राथमिकता दिए ।
तिनीहरू प्रभु भोज र सँगतिका लागि प्राय: भेटघाट गर्थे ।
थियोफिलस, तिनीहरू पूर्णतया: परिवर्तित भएका मानिसहरू थिए ।
तिनीहरू आफ्ना सम्पत्ति बेचेर खाँचोमा परेकाहरूलाई बाँडिदिन्थे ।
परमप्रभुले तिनीहरूको संख्यामा दिनदिनै थपिदिनु हुन्थ्यो ।



प्रेरित २:४२-४७


तर यो त सुरुवात मात्रै थियो...
एकदिन पत्रुस र यूहन्ना मन्दिरको चोकमा हिँडिरहेका बेलामा तिनीहरूको एउटा भिखारीसित भेट भयो।
म काम गर्न सक्तिनँ...बिन्ती छ, मलाई खानलाई केही पैसा दिनुहोस्।
मसित सुन वा चाँदी छैन, तर मसित जे छ, म त्यो तिमीलाई दिन्छु।
नासरतको येशूको नाउँमा उठ र हिँड।


म..म... मेरो खुट्टा....
...र मेरो पैतला
म पहिले जवान छँदा जस्तै म हिँड्न सक्छु ! म उफ्रन सक्छु !
म हिँड्न सक्छु ! म उफ्रन सक्छु ! यो त आश्चर्यकर्म हो ! येशू ख्रीष्टको नाउँको शक्तिले मलाई निको पारेको छ !


इस्राएलका मानिसहरू – तपाईंहरू किन अचम्म मान्नुहुन्छ ?
हाम्रै शक्ति र भक्तिले नै यस मानिसलाई हिँड्ने बनाएका जस्तै गरी तपाईंहरू किन एक टक लाएर हामीतिर हेर्नुहुन्छ ?
हाम्रा पितापुर्खाहरूका परमेश्वरले आफ्नो सेवक येशूलाई महिमा गर्नुभएको छ ।
तपाईंहरूले उहाँलाई इन्कार गर्नुभयो र मार्नुभयो तर परमेश्वरले उहाँलाई मृतकबाट बौराएर उठाउनुभयो जसको साक्षी हामी सबैजना छौँ ।
येशूको नाउँमा उहाँमाथि राखिएको विश्वासद्वारा यो मानिस हिँड्न सकेको छ ।
भाइहरू हो, मलाई थाहा छ, अज्ञानतामा तपाईंहरूले यसो गर्नुभयो तर यो कुरा परमेश्वरले आफ्ना अगमवक्ताहरूद्वारा पहिले नै भनिसक्नु भएको थियो ।
पश्चाताप गर्नुहोस् र परमेश्वरतिर फर्कनुहोस् । अनि तपाईंका पापहरू क्षमा हुनेछन् र परमप्रभुबाट आरामको समय आउनेछन् ।
उहाँको कुरा नसुन्ने प्रत्येक नष्ट हुनेछ ।
तपाईंहरू हरेकलाई पापदेखि फर्काउन र आशिष दिन परमेश्वरले उहाँलाई पहिले पठाउनुभयो ।

प्रेरित ३:११–२६


मैंले देखेकै हो, हिजो ऊ लङ्गडो थियो ।
मैंले पनि देखेको । मैले त आज बिहान मात्रै उसलाई पैसा दिएको ।
मैंले सुनेको त्यो मछुवाले यस मान्छेलाई निको पार्दा येशूको नाउँ लिएको थियो रे !
यो हुनसक्तैन ।
यस कुराले अधिकारीवर्गको ध्यानाकर्षण गऱ्यो जसको चासो येशूप्रति भने थिएन, न त उहाँको नाउँमा प्रचार गर्ने प्रेरितहरूप्रति नै थियो ।
उसलाई पक्रेर ल्याऊ । त्यो लङ्गडो....त्यो, त्यो पहिलेको लङ्गडोलाई ।
त्यसको साथीलाई पनि समातेर ल्याऊ । तिनीहरूले झ्यालखानामा रात बिताउनेछन् ।
भोलि महासभाले बैठक बोलाउनेछ ।
यो येशूको भन्ने व्यक्तिमा विशेष केही कुरा छ ।
किन शासकहरूले उसलाई क्रूसमा टाँगेको रहेछ ?
...तर उहाँले मलाई निको पार्नुभयो ।
उहाँ जीवित नै हुनुहुन्छ भनी उहाँका अनुयायीहरू भन्छन् ।
धार्मिक शासकहरू खुशी थिएनन् । ख्रीष्टलाई पछ्याउनेहरूको संख्या ५,००० पुगिसकेको थियो ।
के गर्ने हो भन्ने कुरामा अनिश्चित भएर तिनीहरूले ती दुई जनालाई झ्यालखानामा हाले ।


हामीलाई भन– कसको शक्तिले वा कसको नाउँले तिमीहरूले यो गऱ्यौ ?
यदि तपाईँहरू एउटा लङ्गडालाई देखाइएको दयाको लेखा मसित माग्दै हुनुहुन्छ अनि यो मान्छे कसरी निको भएको हो भनी प्रश्न सोध्दै हुनुहुन्छ भने यो कुरा जान्नुहोस् –
नासरतको येशू ख्रीष्टको नाउँले यो मानिस ठीक भएको हो ।
तपाईँहरूले उसलाई क्रूसमा टाँग्नुभयो जसलाई परमेश्वरले मृतकबाट जीवित पार्नुभयो ।
मुक्ति अन्त कहीँ पनि पाइँदैन । स्वर्गमुनि मानिसहरूको बीचमा अरू कुनै नाउँ दिइएको छैन जसद्वारा हामी मुक्ति पाउनुपर्दछ ।


धार्मिक महासभा अन्योलमा परे ।
पत्रुस र यूहन्ना अशिक्षित र साधारण मानिसहरू थिए भन्ने कुरा तिनीहरूलाई थाहा थियो ।
तिनीहरू येशूका साथमा रहेका रहेछन् भन्ने कुरा तिनीहरूले याद गरे ।
तर निको पारिएको मानिस तिनीहरूसितै उभिरहेको देखेर....
तिनीहरूले कुनै प्रत्युत्तर जनाएनन् ।
यी मानिसहरूले गरेको आश्चर्यकर्मको बारेमा यरूशलेममा बस्ने हरेकले जान्दछन् र कसैले इन्कार गर्न सक्तैनन् ।
यो काम बन्द गराउन हामीले तिनीहरूलाई अब उपरान्त येशूको नाउँमा नबोल्नू भनेर कडा रूपले आज्ञा दिनेछौँ ।
यसपल्ट हामी तिमीहरूलाई छोडिदिनेछौँ । तर अबदेखि येशूको नाउँमा तिनीहरूले नसिकाउनू र नबोल्नू ।
परमेश्वरको कुराभन्दा बढी तिमीहरूको कुरा सुन्नु परमेश्वरको दृष्टिमा के ठीक छ, तपाईंहरूले नै न्याय गर्नुहोस् ।
हामीले सुनेको वा देखेको कुरा हामी नबोली रहन सक्तैनौँ ।


पूजाहारीहरूले भनेका कुराहरूले कुनै राम्रो नतिजा ल्याउन सकेन ।
तिनीहरूले झन् बढ्ता गरी परमेश्वरको खोजी र प्रार्थना गर्न थाले ।
हे सर्वोच्च परमेश्वर, तपाईंले स्वर्ग, पृथ्वी र समुद्रका यावत् कुराहरू सृष्टि गर्नुभयो ।
किन अन्यजातिहरू क्रोधले रन्किन्छन् र व्यर्थका कुराहरूको कल्पना गर्छन् ?
अधिकारीवर्गहरूले तपाईंका पवित्र सेवक येशूको विरुद्धमा षडयन्त्र रचे तर तिनीहरूले त्यही मात्र गर्न सके जुन तपाईंले पहिल्यै ठहराउनु भएको थियो ।
अब तिनीहरूका धम्कीलाई हेर्नुहोस् र तपाईंको वचन साहससित बोल्नलाई आफ्ना दासहरूलाई सक्षम तुल्याउनुहोस् ।
तपाईंको सेवक येशूको नाउँमा निको पार्न र चिह्न अनि अचम्मका कामहरू गर्न आफ्नो हात बढाउनुहोस् ।
"परमेश्वर काममा हुनुहुन्थ्यो।"
तिनीहरूले प्रार्थना गरिसकेपछि कोठा हल्लियो । परमेश्वरले काम गर्दै हुनुहुन्थ्यो ।
चेलाहरूले अझ साहससित ख्रीष्टको पुनरुत्थानको बारेमा बोल्न थाले ।


येशूका वचनहरू सम्झँदै लिनुभन्दा दिनु असल हो भन्ने कुरालाई तिनीहरूले साँच्चिकै विश्‍वास गरे ।
तिनीहरू मध्ये कसैले आफ्नो सम्पत्तिलाई आफ्नो सम्झँदैनथे ।
आफ्ना छिमेकीहरू माथि तिनीहरूको प्रभाव उदेकलाग्दो थियो ।
उनीसित कति थोरै थियो, तैपनि उनले बिरामी भएको तिनको छिमेकीलाई पीठो दिएकी मैले देखेको थिएँ ।
मरियमले मलाई कति राम्रो सिरक दिई ।
तिनीहरूको माझमा अभावमा हुने कोही थिएनन् अनि प्रेरितहरूले सामर्थ्यका साथ बोल्न सके ।
परमेश्‍वरले यो दिन छान्नुभएको छ– तिमीहरूका निम्ति यो दिन उहाँलाई प्रत्युत्तर जनाउने दिन हो ।
उहाँ नै जीवनको वचन हुनुहुन्छ !
मानिसहरूले आफ्ना जग्गाजमिन र सम्पत्ति बेचेर प्रेरितहरूको चरणमा राखिदिए ।
तिनीहरू मध्ये एकजना युसूफ थिए जसलाई प्रेरितहरूले बर्नाबास भन्थे किनभने उनी उत्साह दिने व्यक्ति थिए ।
प्रिय थियोफिलस, तपाईंले उनको बारेमा अझ धेरै कुरा सुन्नुहुनेछ । उनी एउटा समर्पित मानिस थिए, परमेश्‍वरद्वारा प्रयोग गरिन सधैँ तयार ।


तर पहिलेदेखिका छली शैतानले त्यति सजिलै कहाँ छोड्थ्यो र ! त्यसले ख्रीष्टका नयाँ अनुयायीहरूलाई भ्रष्ट पार्ने काम गर्न थाल्यो ।
हामीले जग्गा बेच्दा त्यतिमा नै बेचेको भनौँ न ।
त्यसै भन्ने र ? अँ, मानिसले हामीलाई हामीले खोजेको भन्दा बढी आदर गर्नेछन् ।
यसले समुदायमा हाम्रो इज्जत पनि बढ्नेछ । कसैलाई थाहा पनि हुनेछैन ।
हनानिया, पवित्र आत्मासँग झूट्टो बोल्न कसरी शैतानलाई तिमीले काम गर्न दिन सक्यौ ?
सबै परमेश्वरलाई दिए जस्तै बहाना गरी तिमीले केही हिस्सा तिमीसित राखेका छौ ।
यो बेचिनुभन्दा अघि पनि तिम्रै थियो । अनि बेचिसकेपछि पनि पैसा तिम्रै अधिकारमा थियो ।
तिमीले मानिससित होइन, परमेश्वरसित नै झूट्टो बोलेका छौ ।
यो कुरा सुनेर हनानिया तुरुन्तै भूइँमा पछारिए र मरे अनि ढुङ्गा जस्तै चिसो भए ।
जवान मानिसहरू आएर तिनलाई दफनको लागि बाहिर लगे ।



तीन घण्टापछि...तिनकी पत्नी सफिरा भित्र आइन् ।
मलाई भन, सफिरा ! के तिमी र तिम्रो पतिले जमिन त्यति नै पैसामा बेचेका हौ ?
हो, पक्का हो ।
प्रभुको आत्मालाई परीक्षा गर्नका निम्ति तिमीहरू कसरी मिलेर एकै मतका भयौ ?
अब हेर ! तिम्रा पतिलाई गाड्नेहरूका पाउ ढोकामै छन् ।
तिनीहरूले तिमीलाई पनि लिएर जानेछन् ।
उसलाई तिनकै पतिसित गाडिदेऊ ।
यो खबर फैलिएपछि, पूरै मण्डली र यो घटना थाहा पाउने सबैको हृदयमा ठूलो डर पस्यो ।




प्रेरित ५:७–११


प्रेरितहरूले येशू ख्रीष्टको नाउँमा ठूला ठूला चिह्नहरू र अचम्मका कामहरू गर्न जारी नै राखे अनि मानिसहरूको माझमा उच्च आदर थियो ।
मानिसहरूलाई तिनीहरूका पापबाट उद्धार गर्न परमेश्वरले पठाउनुभएको येशू नै ख्रीष्ट हुनुहुन्छ भनी यरूशलेममा धेरै भन्दा धेरै मानिसहरूले विश्वास गर्न थाले ।
मानिसहरूले ओछ्यानमा बिरामीहरू बोकेर तिनीहरूकहाँ ल्याउन थाले र पत्रुसको छायाँ मात्र तिनीहरू माथि परोस् भनेर तिनीहरू आशा गर्थे ।
तिनीहरूले शैतानद्वारा सताइएकाहरूलाई पनि ल्याए ।
परमेश्वरले अद्भुत कामहरू गर्दै हुनुहुन्थ्यो र धेरैजसो मानिसहरूले यसको श्रेय परमेश्वरलाई दिए ।
धार्मिक अगुवाहरूबाहेक...


सदुकी झुण्डका पूजाहारीहरू प्रेरितहरूदेखि ईर्ष्याले जल्न थालेका थिए। तिनीहरूले गर्न सक्ने एउटै कुरा थियो, सो तिनीहरूले गरे। तिनीहरूले प्रेरितहरूलाई झ्यालखानामा हाले।
आज्ञा कसरी मान्ने हो, तिमीहरूलाई थाहा छैन जस्तो छ। अब तिमीहरू गँवार मछुवाहरूलाई हामी सिकाउँछौं।
एक रात झ्यालखानामा बिताइसकेपछि मात्रै तिमीहरूको विचार परिवर्तन हुनेछ।
जाऊ, मन्दिरको चोकमा उभिएर यस नयाँ जीवनका सारा वचनहरू मानिसहरूलाई बताइ देऊ।


के ? कसरी यस्तो भयो होला ?
यो कसरी हुनसक्छ ? पहरेदारहरूले कोही आएको वा गएको देखेकै थिएनन् त ।
हामी त ठूलो फसादमा पर्‍यौँ ।
ढोकाहरू त सम्पूर्ण सुरक्षासाथ बन्द गरिएका थिए अनि पहरेदारहरू ढोकामै उभिरहेका थिए ।
हेर त ! ती मानिसहरू...
...तपाईँहरूले पक्रनुभएका मानिसहरू अहिले मन्दिरका चोकहरूमा उभिरहेका छन् र सबै मानिसहरूलाई सिकाइरहेका छन् ।
यो हुनसक्तैन...
यसो हो भने, तिनीहरूलाई अहिल्यै पक्रेर ल्याऊ ।
तिनीहरूलाई पक्रन कसले तपाईँहरूलाई अधिकार दियो ?
तिनीहरूले कुनै अपराध गरेका छैनन् !
हामीसित आउनुहोस्–महासभाले तपाईँहरूलाई उपस्थित हुन बोलाएको छ ।


हामी तिमीहरूलाई अब के गरौँ ? हामीले तिमीहरूलाई प्रचार गर्न मनाही गरेका थियौँ ।
हेर, तिमीहरूले पूरै यरूशलेम यो शिक्षाले भरिदिएका छौ अनि यस मानिसको रगतको दोष हामी धार्मिक अगुवाहरूको शिरमाथि पार्न खोजेका छौ ।
हामीले परमेश्वरको आज्ञा पालन गर्नुपर्छ, मानिसको होइन ।
हो–परमेश्व रको मात्रै ।
तपाईँहरूले येशूलाई रूखमा झुण्ड्याएर मार्नुभयो तर परमेश्वरले उहाँलाई मृतकबाट बौराएर उठाउनुभयो र आफ्नो दाहिने हातपट्टि बसाल्नुभयो ।
इस्राएललाई उहाँले मात्रै पापहरूको क्षमा र पश्चाताप दिनसक्नुहुन्छ ।
हामी उहाँका गवाहीहरू हौँ अनि यही प्रकारले पवित्र आत्मा पनि हुनुहुन्छ जसलाई परमेश्वरले आफ्नो आज्ञा पालन गर्नेहरूलाई दिनुहुन्छ ।
हाम्रो सामुन्नेबाट यिनीहरूलाई लैजाओ !


यी मानिसहरूलाई मृत्युदण्ड दिनैपर्छ। यिनीहरूले ईश्वरनिन्दा गरेका छन्।
हामीले हाम्रो देशबाट यो कलङ्क हटाउनैपर्छ। यिनीहरू झूट्टा अगमवक्ताहरू हुन् र मृत्युको योग्य छन्।
मृत्युदण्ड! व्यवस्था अनुसार ईश्वर निन्दाको सजाय ढुङ्गाले हान्नु हो।
तर यसो गर्न पूजाहारीहरूको झुण्डलाई गमलिएल नाउँ गरेका एउटा व्यक्तिले रोके।
हे, इस्राएलका मानिसहरू–यी मानिसहरूलाई तपाईँहरूले जे गर्न आँट्नुभएको छ, त्यसमा होसियारी रहनुहोस्।
म तपाईँहरूलाई सम्झना दिलाउन चाहन्छु...
पहिले पनि ‘म पनि कोही हुँ भन्दै थेउदास भन्ने एउटा मानिस उठेको थियो तर ऊ उसलाई पछ्याउनेहरू सबै मारिए।
तब गालीलको यहूदा उठ्यो र उसको विद्रोह पनि केही न केहीको भयो।
मेरो सल्लाह मान्नुहुन्छ भने यी मानिसहरूलाई छोडिदिनुहोस्!
यदि तिनीहरूको काम मानिसबाटको भने त्यो नष्ट हुनेछ।
तर यो परमेश्वरबाटको हो भने तपाईँहरूले तिनीहरूलाई रोक्न सक्नुहुन्न। तपाईँहरू परमेश्वरको विरुद्धमा मात्र लडिरहनु भएको हुन्छ।


गमलियलको सुझावले सबैजना तिनीहरूलाई नमार्ने कुरामा त विश्वस्त भए तर त्यसले तिनीहरूलाई सजाय दिन भने रोक्न सकेन।
तिमीहरूले त्यस नाउँमा फेरि नबोल्नू। अब यो कोर्राको भाषाले तिमीहरूलाई सम्झाउनेछ।
कोर्राले हान मज्जाले यिनीहरूलाई!
स्लासस..
ह्वाक..
प्रभुले हामीलाई कष्ट सहन लायकका ठहराउनु भएको छ!
हो-जसरी हाम्रो प्रभुले पनि सहनुभयो। उहाँको गवाही दिने र उहाँबाट पाइने क्षमाको बारेमा प्रचार गर्ने काममा हामी लागिरहनुपर्छ।
अनि दिनहुँ मन्दिरमा र घर घरमा येशू ख्रीष्टको सुसमाचार प्रचार गर्न तिनीहरू लागिरहे।
तर अर्को घटनाले यो नयाँ विश्वासको गतिलाई परिवर्तन गर्न लागेको थियो....


यो मानिसको नाउँ थियो स्टिफनस ।
विश्वासको यो अभियान बढ्दै गएपछि, प्रेरितहरूले महसुस गरे कि तिनीहरूले आफ्नो समय खुवाउने र पियाउनेमा नभई परमेश्वरको वचन प्रचार र प्रार्थनामा केन्द्रित गर्नुपर्छ ।
स्टिफनस पवित्र आत्मा र विश्वासले भरिपूर्ण थिए ।
विधवा र खाँचोमा परेकाहरूलाई खाना वितरण गर्ने कामको रेखदेख गर्न स्टिफनस र अन्य सात मानिसहरूलाई नियुक्त गरियो ।
मण्डलीलाई वृद्धि गर्ने कुरामा सहायता पुऱ्याउने यो एउटा बुद्धिमत्तापूर्ण एवं रणनीतिक कदम थियो ।
म देख्न सक्ने भएँ !
येशू, नासरतका येशूले तिमीलाई निको पार्नुभएको छ ।
परमेश्वर स्तिफनससित हुनुहुन्थ्यो । उनी परमेश्वरको अनुग्रह र शक्तिले भरिपूर्ण थिए । उनले मानिसहरूको माझमा अचम्मका चिह्नहरू गरे ।
तर अन्य प्रान्तका यहूदीहरूसित उनको सामना भएपछि, उनलाई पक्रेर यहूदीहरूको महासभाको अघि ल्याइयो र झूट्टा दोषहरू लगाइयो ।
तर थियोफिलस, यहीँबाट टार्ससका शावलको कथा सुरु हुन्छ...



मन्दिरका पूजाहारीहरू मध्ये धेरैले येशूको सुसमाचारलाई विश्वास गरे ।
येशूको जीवनकालमा उहाँलाई पछ्याउनेहरूभन्दा बढी मानिसहरूले उहाँलाई पछ्याउन थाले ।
यस कुराले यहूदी महासभाका सदस्यहरू झस्के र के गर्ने हो भनी निर्णय गर्न भेला भए ।
मुख्य पूजाहारीले एउटा रुष्ट जवान मानिसलाई निमन्त्रणा दिए । यिनै पछि गएर प्रेरित हुनपुगे ।
हामी संकटको घडीमा छौँ !
ती कथित प्रेरितहरू यूहन्ना र पत्रुसलाई पक्रेर, कोर्रा लगाएर हामीलाई केही उपलब्धि हुँदैन ।
हाम्रा चेतावनीहरूको बावजूद, तिनीहरूले अपधर्म फैलाइ नै रहेका छन् ।
तिनीहरू "हामीले मानिसको भन्दा परमेश्वरको आज्ञा पालन गर्नुपर्छ" भन्छन् ।
हामी परमेश्वरका शत्रुहरू नै हौँ जस्तो गरी तिनीहरू व्यवहार गर्छन् !
मानिसहरूको सामुन्ने तिनीहरू हाम्रो अधिकारलाई पनि इन्कार गर्छन् ।
संकट दिनदिनै बढ्दैछ । मैले टार्ससको शावललाई मन्दिरको सुरक्षार्थ कप्तान नियुक्त गरेको छु र परिषद्लाई सम्बोधन गर्न निम्तो दिएको छु ।
मेरा आदरणीय बूढाप्रधानहरू, अब्राहामका प्रिय सन्तानहरू !
यरूशलेममा अहिले येशूका अनुयायीहरूको बिग्बिगी छ जो झुट्टा ख्रीष्ट हुन् ।
तिनीहरू हाम्रा सभाघर र घर घरमा पसेर हाम्रा मानिसहरूका मनमष्तिस्कलाई विषाक्त बनाउँदैछन् ।
मनमस्तिष्कलाई विषाक्त बनाउँदै ?


धर्मशास्त्र खोलेर ख्रीष्टको बलिदानले उद्धार ल्याउँछ भन्दै सिकाउँदै पो छन् भन्ने सुन्छु नि ।
होइन, निकोदमस !
एउटा मरेको गालीली सिकर्मी परमेश्वरका चुनिएका जन हुन् भन्ने सिकाउँदैछन् !
एउटा असहाय जनावर जस्तै चूपचाप वध गरिएका, रोमन उत्पीडकहरूद्वारा पराजित भएका ।
के उनी पराजित भएका नै हुन् त ?
वा उनले मृत्यु वरण गरेका हुन् जसरी उनले मानिसहरूका पापहरूका निम्ति गर्नेछन् भनेर यशैया अगमवक्ताले भनेका छन् ?
निकोदमसजी, के तपाईँ पनि त्यस सिकर्मीका चेला हुनुभएको हो कि के हो?
शावल, निकोदमस यस महासभाका वरिष्ठ सदस्य हुन् । उहाँसित बोल्दा आदरसित बोल ।
शावलले उठाएको चासो म बुझ्दछु । पहिले म पनि त्यस्तै सोच्थेँ ।
शैतानले त झूट्टा ख्रीष्टलाई मन पराउँछन्, होइन र ?
शावल, यदि साँचो ख्रीष्टले दाऊद राजाका मुकुट लगाएर मोशाको लौरोले तपाईँलाई हानेको भए पनि के तपाईँले उनलाई चिन्नुहुन्थ्यो र ?
परिषद्का माननीय सदस्यहरू !
निकोदमसले त्यस ईश्वरनिन्दकका झूट्टा शिक्षाहरूलाई वकालत गर्दै गरेको के तपाईँहरू यसरी नै चूप लाएर सुन्नुहुन्छ ?


मेरा आदरणीय गुरू गमलियल, हजूर महान् हिलेलका नाति हुनुहुन्छ ।
मैले हजूरको चरणमा रहेर पाँच वर्ष शिक्षा हासिल गरेँ ।
तोरहा नै बाटो, सत्य र जीवन हुन् भनी तपाईँले मलाई सिकाउनुभयो । तर त्यो गालीलीले "बाटो, सत्य र जीवन म नै हुँ, मद्धारा बाहेक कोही पनि परमेश्वरकहाँ आउन सक्तैन" भनी भनेको हामी दुवैले सुन्यौँ ।
आफ्नै पसिना र रगतको आहालमा उनले आफ्नो प्राण त्यागे । रूखमा झुण्डिने श्रापित हो भनी के मोशाको व्यवस्थाले भन्दैन र ?
एउटा मरेको मानिसलाई पछ्याउन केही हाम्रा मानिसहरू र अगुवाहरूले हामीलाई छोडेर पनि गए
तर यो येशू..... मरेको छैन भने नि ?
मरेकाबाट कोही जीवित भई उठ्न सक्तैन भनी सोच राख्ने भएर हामीले नै फेरि पुनरूत्थानलाई स्वीकार गर्ने ?
पहिलो कुरा उनी कहिल्यै मरेनन् ।
त्यसो भए, कहाँ छन् उनी ? उसको शरीरलाई के भयो त ?
उसका चेलाहरूले चोरेर लगे !
के ती डरपोकहरूले हतियारले सुसज्जित भएर बसेका पहेरदारहरूलाई वशमा पारेर त्यत्रो ढुङ्गालाई गुडाए होला त ?
पहरेदारहरूले ती चेलाहरूका घर र गाउँ सबैतिर छानबीन गरिसके । येशूको शरीर कतै पाइएन !
मैले यो धेरै पटक सुनिसकेको छु ! म फेरि यो सुन्न चाहन्नँ !


नासरतका सिकर्मी एउटा ईश्वर निन्दक नै थिए ।
एउटा "ईश्वर निन्दक" जसलाई ५०० जना मानिसहरू लगायत हामी मध्येकै तीनजनाले उनी मरेको एक महिनापछि यिनै आँखाले देखेका हुन् !
म तपाईंहरूलाई सावधान गराउन चाहन्छु, यदि हामीले यस पन्थलाई निमिट्यान्न पार्न सकेनौँ भने यसले हामी र हाम्रो जीवनलाई तहसनहस पार्नेछ ।
हामीले मानिसहरूलाई मोशाको व्यवस्थातर्फ फर्काउनै पर्छ– तिनीहरूको मुक्तिको आशा यही मात्रै हो !
तिनीहरूको मुक्तिको आशा व्यवस्था कि परमेश्वर ?
परमेश्वर जसले उहाँको एक मात्र परमेश्वरलाई संसारका पापहरूको बलिदान हुन थुमाको रूपमा पठाउनुभयो ?
त्यस मूर्ख... को समर्थन गर्न बन्द गर्नुहोस्...
...ईश्वरनिन्दा !!!
शावल ! आफ्ना अग्रजहरूलाई त्यस्तो अपमानजनक ढङ्गले बोल्न मोशाको व्यवस्थाको कुन भागले तिमीलाई भन्छ ?



हे आदरणीय गुरूज्यू…मेरो उद्देश्य अपमान होइन ।
मलाई तिमीले गरेको अपमानबारे अहिले तिमीले चिन्ता नगर ।
परमेश्वर, जो सबै मानिसहरूका न्यायकर्ता हुनुहुन्छ, उहाँले तिम्रो हृदयमा भएको घृणाको बारेमा के सोच्नुहुन्छ होला ?
हामीले परमेश्वरको व्यवस्थालाई संरक्षण गर्नुपर्छ अनि सत्यतालाई सबै कुरामाथि राख्नुपर्छ भनी तपाईंले सिकाउनु भएको होइन र ?
म तपाईंलाई अगमवक्ताहरूको पुस्तकबाट केही पढेर सुनाउँछु !
ख्रीष्टको बारेमा यशैयाले भनेका छन् :
"उहाँ हाम्रै अपराधहरूका निम्ति घायल हुनुभयो, हाम्रै अधर्महरूका निम्ति उहाँले चोट खानुभयो…उहाँकै चोटहरूले हामी निको भयौ ।"
"थुमा झैँ उहाँ मारिनका लागि लगिनुभयो…उहाँले आफ्नो मुख खोल्नुभएन ।"
"मेरा प्रजाका अपराधहरूका निम्ति प्रहार उहाँमाथि पर्‍यो ।"
मारिने जनावर जस्तै चूपचाप येशू क्रूसमा टाँगिनुभयो भनेर तपाईंले भन्नुभएको होइन र ?
अनि उहाँ रोमीहरूद्वारा घोचिएको भनी भन्नुभएको होइन ?
परमेश्वरका प्रजाका अपराधहरूका निम्ति एकजना मर्नुहुनेछ भनी यशैयाले भनेको उहाँ नै त हुनुहुन्न ?
उहाँ नै ख्रीष्ट हुनुहुन्छ ? वा…हुनुहुन्न ?
म त भन्छु…हामी ले पर्खेर विचार गर्नुपर्छ ।
पुनरूत्थान भएका येशूसित बसेर खाएको भनी तिनीहरूले झूट्टो बोलेकै हुन् भने के त्यस्तो सतावटाहरूको बीचमा पनि त्यो झूट्टोलाई तिनीहरूले कायमै राख्थे र ?
तर यदि तिनी प्रतिज्ञा गरिएका ख्रीष्ट हुन् भने सर्वशक्तिमान परमेश्वरका योजनाहरूलाई विरोध गर्ने हामी को हौं र ?
उनलाई पक्रेर ल्याइसकिएको छ !


हामीले स्टिफनसलाई पक्रेर ल्याएका छौँ !
येशू नै ख्रीष्ट हुन् भनी सभाघरमा उनले प्रचार गरिरहेका थिए !
शावल ! त्यसलाई अहिल्यै परिषद्‌का अघि ल्याऊ र हामी त्यसको न्याय गर्नेछौ !
हामी पर्खिन सक्तैनौँ, गमलिएल !
हामीले यसलाई निर्णायक ढङ्गले छिटो अन्त्य गर्नुपर्छ !
हामीलाई सिकाउने तिमी को हौ ? तिमी यस परिषद्‌को सदस्य पनि होइनौ !
म टार्ससको शावल हुँ । व्यवस्थाको सम्बन्धमा म दोषरहित छु । अनि जोशको बारेमा....
म त्यस गालीलीलाई पछ्याउने ती अनुयायीहरूलाई के गर्नेछु तपाईंहरू हेर्दै जानुहोला !
यो मान्छे मन्दिरका पहरेदारहरूलाई नेतृत्व दिन वा परिषद्‌मा बोल्नका लागि कच्चै छ ।
तर यसको व्यवस्थाको ज्ञान चाहिँ अद्‌भुत छ । शावल गमलिएलको सबैभन्दा होनहार छात्र हुन् !
त्यो त हो । उनी होनहार भएको कुरामा कुनै शंका छैन...तर उनको न्याय गर्ने तौर तरिका चाहिँ....
शावल ठीक छन् । यदि हामीले बल प्रयोग नगर्ने हो भने यी येशूमार्गीहरूले मानिसहरूका हृदयलाई हामीबाट अन्तै मोड्नेछन् ।
...कि रोमले हस्तक्षेप गरेर यो विवाद सुल्झाउनुपर्नेछ !
हामीले अहिल्यै कदम चाल्नुपर्छ, नत्र ढिलो हुनेछ !

फिलिप्पी ३:४–६


एक घण्टाभित्रै शावल र उसका पहरेदारहरू मन्दिरमा फर्केर आए ।
मैले महासभाका तीन जनासित अन्तर्वार्ता लिएँ अनि उनीहरूले भएका घटनाहरूको मलाई बताए ।
स्टिफनसको बुद्धि र पवित्र आत्माको शक्तिले येशू नै ख्रीष्ट हुनुहुन्छ भनी मानिसहरूलाई विश्वास दिलायो ।
धर्मशास्त्रबाट उसले बडो जोरदार रुपमा बहस गऱ्यो तर उसको विरोध गर्ने अगुवाहरूले उसको विरुद्धमा बोल्न मानिसहरूलाई उक्साए ।
के साक्षीहरू यिनै हुन् ?
नासरतको येशूले मन्दिरलाई भत्काउनेछन् अनि मोशाको विधिहरूलाई उलटपुलट पार्नेछन् भनेर उसले भनेको हामीले सुन्यौं ।
व्यवस्थाले दुई ओटा साक्षीहरू चाहिन्छ भनी भन्दछ ।
अँ.. म भन्दै थिएँ... उसले के भनेको थियो भनेर ।
के यी अभियोगहरू साँचो हुन् ?
स्टिफनस उठे, तिनी आफ्ना विश्वासमा दृढ थिए । उनलाई दोष्याउनेहरूभन्दा स्पष्ट रुपमा उनी नै बढी धर्मी थिए ।


स्टिफनसले धर्मशास्त्रबाट प्रचार गरे ।
कोहीले ध्यानपूर्वक सुने, तर अगुवाहरू मध्ये धेरैले विरोध गर्दै आफ्नो दाह्रा किटे ।
परमेश्वरले अब्राहामलाई दिनुभएको बोलावटको बारेमा, परमेश्वरले इसहाक जुटाउनु भएको बारेमा अनि युसूफद्वारा मिश्रमा उहाँले गर्नुभएको कामको बारेमा स्तिफनसले लामो प्रचार गरे ।
त्यसपछि, मोशाद्वारा इस्राएलीहरूले पाएको छुटकाराको बारेमा उनले बताए ।
"परमप्रभुले मोशालाई भन्नुभयो, 'मिश्रमा मेरो प्रजाप्रति गरिएको अत्याचार मैले देखेँ–म तिनीहरूलाई छुटकारा दिन आएको छु ।'
मोशाले मिश्रमा चिह्न र अचम्मका कामहरू गरेर देखाए, लाल समुद्र दुई भाग पारे अनि उजाडस्थानमा परमेश्वरका प्रजालाई चालीस वर्षसम्म देखरेख गरे ।
हामीले धर्मशास्त्र जान्दैनौँ भनी ठानेको हो कि के हो ? यसले ?
यिनै मोशाले इस्राएलीहरूलाई भनेका थिए, "तिमीहरूकै बीचबाट परमेश्वरले म जस्तै एउटा अगमवक्ता खडा गर्नुहुनेछ ।"



विद्रोह तथा विजयदेखि इस्राएलको सिंहासनमा दाऊदको उदयसम्मका घटनाहरूका बारेमा स्तिफनसले बताउँदै गए ।
दाऊदका छोरा सुलेमानले परमेश्वरको लागि एउटा घर बनाए ! तर सर्वोच्च परमेश्वर मानिसको हातले बनाएको घरमा बस्नुहुन्न !
अगमवक्ता भन्छन्, "स्वर्ग मेरो सिंहासन हो, र पृथ्वी चाहिँ मेरो पाउदान ।"
"मेरो लागि कस्तो प्रकारको घर तिनीहरू बनाउँछौ, परमप्रभु भन्नुहुन्छ.... के यी सबै कुराहरू मेरै हातले बनाएको होइन र ?"
उसले मन्दिरको विरुद्धमा बोल्यो !
मन्दिर परमेश्वरको वासस्थान हो ! तिमीले निन्दा गर्दैछौ !
एक्कासी, स्तिफनसको ध्यान येशूको मृत्युतर्फ केन्द्रित भयो अनि थुमा जस्तै बोलिरहेका स्तिफनस सिंह जस्तै गर्जन लागे ।
हे कडा गर्दन भएका मानिसहरू ! तपाईंहरू सधैँ पवित्र आत्माको विरोध गर्नुहुन्छ ! अगमवक्ताहरू मध्ये कसलाई तपाईं र तपाईंका पितापुर्खाहरूले सताएनन् र ?
के तपाईंहरूले बुझ्नुभयो ?
जसरी तिनीहरूका उद्धारक मोशा को थिए भन्ने कुरा इस्राएलले चिन्न सकेनन्, त्यसरी नै--
--येशू पनि तिनीहरूका अन्तिम उद्धारक हुन् भनेर तिनीहरूले चिन्न सकेनन् भन्ने तर्क स्तिफनसले अघि सरे ।


धर्मीको आगमनको बारेमा अगमवाणी गर्नेहरूलाई तपाईंका पितापुर्खाहरूले मारे ।
अनि येशूलाई मार्ने पनि तपाईंहरू नै हुनुहुन्छ !
येशूलाई मार्ने तिनीहरू नै हुन् भनी स्टिफनसले लगाएको आरोपले पनि शावलको हृदयलाई छुन सकेन ।
तिनीहरूले व्यवस्था पालन गरेका छैनन् भनी स्टिफनसले भनेको कुराले चाहिँ तिनी पिरोलिए ।
स्वर्गदूतहरूद्वारा दिइएको व्यवस्था तपाईंहरूले पाउनुभयो तर तपाईंले त्यसलाई पालन गर्नुभएन !
स्टिफनससित परमेश्वरको साँचो ज्ञान थियो भन्ने कुरा के शावलले महसुस गर्न सके ?
त्यस्तो ज्ञान जुन शावलमा भएको उच्च शिक्षाका बावजूद पनि उनले कहिल्यै पत्ता लगाउन सकेका थिएनन् ?

प्रेरित ७:५१–५३


जब मैले सडकमा भएको भीड देखेँ अनि मेरो आँखा स्टिफनस र शावलमाथि पर्‍यो....
स्वर्ग उघ्रिएका र मानिसको पुत्र परमेश्वरको दाहिने हातपट्टि उभिरहेको म देख्दछु ।
स्टिफनसले देखेको कुरा मैले देखिनँ ।
त्यस समयमा, उसका शब्दहरू आघात र कल्पनाको उपज मात्र हो जस्तो लागेको थियो ।
तर अहिले, म विश्वास गर्छु कि उसले भनेको कुरा उसले देखेकै कुरा हो ।
ढुङ्गाहरू उसमाथि बर्षन थाल्यो र उसले ठूलो स्वरमा यस्तो भन्यो :
प्रभु, यो पाप यिनीहरूलाई नलागोस् ।
प्रभु येशू, मेरो आत्मा ग्रहण गर्नुहोस् ।
त्यसपछि मैले पछि थाहा पाएँ कि स्टिफनसका प्रभु, येशूले क्रूसमा मर्दा जे भनेका थिए, त्यस्तै स्टिफनसले पनि भनेका रहेछन् ।



लूका २३:४६


स्टिफनसको शरीरलाई नियाल्दै उनको प्रार्थनाको उत्तर कसरी आउने होला अनि उनको आत्मा परमेश्वरले ग्रहण गर्नुभयो होला त भन्ने विचार गर्नतिर म लागेँ...
ग्रीकमा स्टिफनसको नाउँको अर्थ हुन्छ, मुकुट।
येशूको निम्ति मुकुट पहिरिने पहिलो शहीद भए उनी।
अनगिन्तीले उनको पाइलो पछ्याउँदै गए।
मेरो शब्दलाई ध्यान दिनुहोस् : अबको दश वर्षमा येशू नाउँ वा...
...स्टिफनस नाउँलाई सम्झना गर्ने कोही हुनेछैन!
तैपनि, हामीले गर्नुपर्ने अझ धेरै काम बाँकी छ...
स्टिफनसको हत्या यरूशलेममा मण्डली विरुद्धको ठूलो सतावटको सुरुवात मात्र थियो।
शावल घर घरमा पसेर पुरुष र स्त्रीहरूलाई पक्रेर झ्यालखानामा थुन्दै थिए अनि ख्रीष्टका अनुयायीहरूलाई मार्ने धम्की दिँदै थिए।


स्टिफनसको क्रूर हत्याको बावजूद, मण्डली निरन्तर रुपमा बढ्दै गयो ।
तितरबितर भएकाहरूले तिनीहरू जता यात्रा गरेतापनि ख्रीष्टको सन्देश प्रचार गर्दै गए ।
प्रेरित फिलिप सामरिया पुगे र मानिसहरूले उसको सन्देशप्रति प्रत्युत्तर जनाए ।
मानिसहरूबाट ठूलो स्वरका साथ भूतात्माहरू निस्किआए अनि पक्षघाती र कुँजाहरू पनि निको पारिए ।
सुसमाचार सुन्नका निम्ति सहर खुशीका साथ ओइरिएर आए ।
धेरै मानिसहरूले बप्तिस्मा लिए । सिमोन नाउँ गरेका एउटा जादूगर, जसले जादू देखाएर मानिसहरूलाई अचम्मित पारेका थिए, उनले पनि बप्तिस्मा लिए ।
यरुशलेममा अझै बाँकी रहेका प्रेरितहरूले सामरियाले परमेश्वरको वचनलाई ग्रहण गरेका छन् भनेर जब सुने, तब फिलिपलाई साथ दिन तिनीहरूले पत्रुस, यूहन्नालाई त्यतातिर पठाए ।


हे, पिता, हामीले जस्तै तिनीहरूले पनि पवित्र आत्मा पाऊन् ।
म पनि यो शक्ति पाउन चाहन्छु ताकि मैले जसमाथि हात राख्छु, उसले पवित्र आत्मा पाउन सकोस् ।
तेरो पैसा तँसित नष्ट होस् !
यो सेवामा तेरो कुनै भाग वा हिस्सा छैन –तेरो हृदय परमेश्वरको सामु ठीक छैन रहेछ ।
यो ठूलो दुष्टयाइँदेखि पश्चाताप गर् र परमप्रभुमा प्रार्थना गर्, सायद यस पापदेखि तैँले क्षमा पाउँछस् कि !
मेरो लागि तपाईँहरूले नै प्रार्थना गरिदिनुहोस् ताकि तपाईँहरूले भन्नुभएको कुनै कुरा ममाथि आइ नपरेको होस् ।


दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने उजाडस्थानको बाटो जा ।
त्यो रथको साथ लाग ।
उनलाई साह्रै कठोरता पूर्वक व्यवहार गरियो तर उनले नम्रताका साथ सहे, उनले एउटै शब्द पनि उच्चारण गरेनन् । मारिनको लगिएको थुमा झैँ, कत्रनको लागि लगिएको भेडा झैँ, तर उने आफ्नो मुख खोलेनन् ।
उनको हीनतामा उहाँको न्याय खोसियो....
तपाईंले पढी रहनु भएको के तपाईं बुझ्नुहुन्छ ?



कसैले नबुझाएसम्म म कसरी बुझ्न सकूँला र ?
यदि तपाईं बुझ्नुहुन्छ भने मसित बस्नुस् न ।
यात्रा गर्दै जाने क्रममा फिलिपले धर्मशास्त्रको त्यही खण्डबाट येशू को हुनुहुन्छ भन्ने बारेमा प्रचार गर्दै गए ।
हेर, यहाँ पानी छ । मैँले किन यहीँ बप्तिस्मा नलिने ?
तपाईंले लिन सक्नुहुन्छ ।
अनि फिलिपले त्यस नयाँ विश्वासीलाई बप्तिस्मा दिए ।
तिनीहरू पानीबाट निस्केपछि परमप्रभुको आत्माले फिलिपलाई लिएर जानुभयो ।
तिनी अर्को सहरमा पनि देखा परे र सिजरिया नआइपुगुन्जेल बाटोभरि तिनले सुसमाचार प्रचार गर्दै गए ।
अनि ती नपुंसक रमाउँदै आफ्नो घरतिर लागे ।


शाउलको सतावटले ख्रीष्ट अनुयायीहरूलाई यरूशलेमबाट निस्कन बाध्य पार्‍यो...
Black Sea
Asia Minor
Mediterranean Sea
Africa
Egypt
अनि तिनीहरूले त्यसबेलाको संसारको अन्त्यसम्म सुसमाचार बोकेर गए र यसरी तिनीहरूले येशूको आज्ञा पालन गर्दै गए :


You will be my witnesses in Jerusalem, Judea, Samaria and to the ends of the earth.


...हामीले थुप्रै येशूका अनुयायीहरूलाई यरूशलेमबाट निस्कन बाध्य त पार्‍यौँ....
तर तिनीहरू जताजता जान्छन्, त्यतै त्यतै येशूको बारेमा प्रचार गर्दै पो छन् त।
तिमीले तिनीहरूको मुख बन्द गर्नुपर्छ।
दमस्कसतिर यात्रा गर्न चाहिने कागजात मलाई दिनुहोस्।
यदि मैँले तिनीहरूलाई त्यहाँ रोक्न सकेँ भने तिनीहरूको अभियान त्यहीँ खतम हुनेछ।


दमस्कस : रोमी साम्राज्यमा रहेको कारभ्यान व्यवसायको केन्द्र।
येशूका अनुयायीहरूको अभियानलाई त्यहाँ रोक्न सकिएन भने त्यो 'पन्थ' मेसोपोटामियासम्म....
...अनि रोमसम्मै फैलिन सक्ने कुरा शाउललाई थाहा थियो।


अब अर्को घटना के हुन्छ वा यसले संसारको इतिहासलाई कसरी परिवर्तन गर्नेछ ।
भन्ने कुरा न त शाऊलले, न त कसैले नै सोच्न सकेका थिए ।
के...?!?!
उफ्!
शाऊल!


शाऊल !
किन तिमी मलाई सताउँदैछौ ?


शाऊलसितै यात्रा गरिरहेका मानिसहरू अक्क न बक्क भएर उभिरहे ।
तिनीहरूले ज्योति देखे र एउटा गर्जनयुक्त आवाज सुने तर कसैलाई देखेनन् ।
को....
तपाईं को हुनुहुन्छ, प्रभु ?




प्रेरित ९:१-८, २२:६-९, २६:९-१८


हामी आफ्नो यात्रा जारी राखौं।
हामी सहरमा जानेछौं।
शाऊललाई यहूदा नाउँ गरेका एकजना मानिसको घरमा डोऱ्याइयो जहाँ उनको देखभाल भयो।
तर जे घटना घट्यो, त्यस कुराले उनी यति सोचमग्न भए कि उनले तीन दिनसम्म न त केही खाए, न त केही पिए।
उनले केही देख्न सकेनन्….
….तर उनले एउटा मानिसलाई दर्शनमा देखे।
दमस्कसबाट येशूका एउटा अनुयायी।
एउटा मानिस जसको नाउँ….


हनानिया !
प्रभु ? म यहाँ छु, प्रभु !
उठ र सीधा भन्ने गल्लीमा जाऊ ।
यहूदाको घरमा शाऊल नाउँ गरेको एउटा मान्छेलाई खोज ।
शाऊल ?
यरूशलेममा तपाईंका सेवकहरूलाई ठूलो कष्ट दिने शाऊल त होइन नि प्रभु ?
तिनी फेरि कष्ट दिन अधिकारसहित दमस्कसमा आउँदैछन् भन्ने मानिसहरू भन्दैछन् ।
उसले के गरेको छ, म जान्दछु ।
तर मेरो नाउँलाई सारा संसारभरि, अन्यजातिहरूको माझमा र इस्राएलको सामु घोषणा गर्न मैले त्यसलाई चुनेको छु ।
त्यस दिन हनानियाले जुन कुरा जाने, शाऊलले जे कुरा जाने, त्यो कुरा म अझै पनि बुझ्न खोज्दैछु ।
हामीले परमेश्वरसित विवाद गर्छौं, तर उहाँलाई जित्न भने हामी सक्तैनौं ।



शाऊलले बेचैन भएर भजनसँग्रहका पँक्तिहरू दोहोऱ्याए अनि परमेश्वरको कृपाको निम्ति याचना गरे ।
हनानिया ?
उनी योना जस्तै थिए, तर समुद्रले होइन अन्धकारले उनलाई निलेका थिए, तथापि उनको पश्चातापले उनलाई परमेश्वरको ज्योतितर्फ डोऱ्याउँदै थियो ।
हजूर । परमेश्वरले तिमीलाई भन्नुभए झैँ तिमीकहाँ मलाई पठाउने उहाँ नै हुनुहुन्छ ।
...तिमी फेरि देख्ने होऊ र पवित्र आत्माले भरियौ भनेर ।
शाऊलले खाए र बल प्राप्त गरे ।
...हनानिया, उहाँ मसित बोल्नुभयो ।
हनानिया, येशू साँच्चि नै अगम वक्ताहरूद्वारा प्रतिज्ञा गरिएका ...ख्रीष्ट हुनुहुन्छ !
जब यहाँ आउनको लागि प्रभुले मलाई भन्नुभयो, तब तिमीदेखि म डराएको थिएँ ।
शाऊल, मलाई विश्वास गर्न गाह्रो हुन्छ, तर हामी अब दाजुभाइ भएका छौँ ।


इस्राएलका प्रथम राजासित आफ्नो नाउँ मिलेकोमा शाउल घमण्ड गर्दथे ।
अब, उनले आफैलाई पावल भन्न थाले जसको अर्थ हुन्छ, "सानो" वा "नम्र"
आफ्ना शत्रुहरूलाई क्षमा गर्न प्रभुले हामीलाई भन्नुभएको छ तर यस मानिसलाई हामीले विश्वास गरेको प्रभुले साँच्चिकै चाहनुहुन्छ होला त ?
.... येशूको बारेमा पावलले प्रचार गरेको सुनेर यहूदीहरू पनि रिसाएका छन् । पावललाई कसैले मन पराएका छैनन् है !
के यी मानिस यरूशलेमबाट आएका त्यही व्यक्ति होइनन् र, जसले येशूलाई विश्वास गर्नेहरू जतिलाई झ्यालखानमा हालेका थिए ।
यिनी त येशूका शिक्षाहरू फैलिनबाट रोक्न पो आएका हुन् त ! अहिले आफै पो फैलाउँदैछन् त !
त्यसलाई चूप गराउनैपर्छ !
जब आफूलाई मार्ने षडयन्त्रको बारेमा पावलले थाहा पाए, तब उनका साथीहरूले उनलाई सहरको पर्खालबाट एउटा टोकरीमा हालेर उनलाई ओरालिदिए ।
हामीलाई चाहिएको बेला पत्रुस र उनका मछुवा साथीहरू खै त ?




गलाती १:११-१२, १५-१८, प्रेरित ९:२६, मत्ती २६:७४




पत्रुस र अरू कतिले पनि तपाईंको जीवनमा ख्रीष्टको कामलाई देखेका छन्– यरूशलेममा शिक्षा दिन अब तपाईं स्वतन्त्र हुनुहुन्छ ।
त्यसो भए मेरो पहिलो प्रचार मैंले चिनेका ती ग्रीक यहूदीहरूका निम्ति हुनेछ ।
यदि तिनीहरू क्रुद्ध छन् भने समस्या होला ।
उसलाई मार्न तिनीहरूले योजना बनाएका छन् भनी मैले सुनेको छु ।
येशू परमेश्वर हुन् भनेर घोषणा गरेर तिमीले ईश्वरनिन्दा गरेका छौ ।
ईश्वर निन्दक एउटै सजायको योग्य छ !
शाऊल, यता सुन त ।
तिनीहरू अन्धा छन्, कुरा सुन्दैनन् ।
तिमीले यरूशलेम छोड्नुपर्छ कि भनी अग्रजहरूले सोच्दैछन् ।
तिनीहरूको पहिलो प्रहारमै म भाग्नेछैनँ ।
तपाईंको साहसलाई लिएर कसैले प्रश्न गरेको छैन– तर तपाईंको लागि प्रभुको अर्कै योजना छ कि भनी हामी विचार गर्दैछौं ।
केही समयको लागि तपाईं आफ्नो सहर टार्ससतिर जानुहोस्....
अनि केही समयपछि प्रभुको कामको लागि फेरि फर्किएर आउनुहोस् ।


त्यसपछि, मण्डलीले केही समयको लागि विश्राम पायो ।
प्रेरित पत्रुस विभिन्न ठाउँहरू हुँदो यात्रा गर्दै अनि सुरुका विश्वासीहरूसित भेटघाट गर्दै लिड्डा भन्ने सहरमा आइपुगे...
प्रभु येशू ख्रीष्टले तिमीलाई निको पार्नुहुन्छ । उठ र तिम्रो गुन्द्री बोकेर जाऊ ।
मानिसहरू स्तब्ध भए....त्यस सहर र शारोन नजिकका मानिसहरू ठूलो संख्यामा विश्वासमा आए ।
यो मानिस आठ वर्षदेखि अपाङ्ग थिए । परमेश्वरले मात्रै यस्तो गर्न सक्नुहुन्छ ।
येशूको बारेमा हामीलाई अझै बताउनुहोस् । उहाँ परमेश्वरका पुत्र नै हुनुपर्छ ।
कृपया हामीसित आउनुहोस् । जोप्पामा एउटा घटना घटेको छ अनि त्यहाँ पनि तपाईंको खाँचो छ ।
कस्तो घटना ?
एउटा ठूलो खाँचो परेको छ त्यहाँ ।


उनले सधैँ अरूलाई वास्ता गर्थिन् ।
मेरा खाँचोहरू जुटाउन मेरा श्रीमान् छैनन्, यो मलाई तबिताले दिएकी हुन् ।
उनी मेरा लागि परमेश्वरको सहायताको हात थिइन्...
तपाईंहरू कोठा बाहिर गइदिनुहोस्...
तबिता, उठ ।
यो साँचो रहेछ–प्रभु येशू ख्रीष्टले निको पार्नुहुन्छ ।
तबितालाई फर्काइ दिनुभएकोमा धन्यवाद, प्रभु !

प्रेरित ९:३८–४३


सिजेरियाको सहरमा कर्नेलियस नाउँ गरेका एउटा रोमी सुबेदार बस्दथे । उनी र उनको परिवार भक्ति गर्ने र परमेश्वरको डर मान्ने मानिसहरू थिए ।
एक दिन जब तिनी प्रार्थना गर्दै थिए…
कर्नेलियस !
ज्यू, प्रभु !
परमेश्वरले तिम्रो प्रार्थना सुन्नुभएको छ र गरिबहरूलाई तिमीले दिएको दान उहाँले देख्नुभएको छ । ती सबै सम्झनास्वरुप उहाँको सामु छन् ।
तिमीले पत्रुस नाउँ गरेका एउटा मानिसलाई बोलाइ पठाऊ जो समुद्र नजिकै जोप्पामा बस्दै आएका छन्
परमेश्वरबाट आएका एउटा स्वर्गदूतले भनेका छन् कि हामीले पत्रुस नाउँ गरेका मानिसलाई भेट्नुपर्छ । उहाँलाई यहाँ आइदिन विनम्रतापूर्वक अनुरोध गर ।
उहाँको आगमनको लागि म सबै कुरा तयार गर्नेछु ।


अर्को दिन मध्याह्नको समयतिर जसै कर्नेलियसका मानिसहरू सहरको नजिक आइपुग्दैथिए, पत्रुस कौसीमा प्रार्थना गर्न उक्ले । उनी भोकाएका थिए र उनको लागि खाना तयार हुँदैथियो । त्यति नै बेला...
उठ पत्रुस, मार र खाऊ ।
हुन्न, प्रभु !
मैले कहिल्यै अशुद्ध खाएको छैनँ भन्ने तपाईं जान्नुहुन्छ ।
परमेश्वरले जसलाई शुद्ध पार्नुभएको छ, त्यसलाई तिमी अशुद्ध नभन ।
यो कुरा तीन पल्टसम्म भयो र पवित्र आत्माले पत्रुसलाई तल तीन जना मानिसहरू आएका छन् र उनीहरूसित जानू भनी भन्नुभयो ।
तपाईंहरूले खोजिरहनुभएको मानिस म नै हुँ । तपाईंहरू के कति कामले आउनुभयो ?
सुबेदार कर्नेलियसले हामीलाई पठाउनुभएको हो ।
तपाईंलाई घरमा बोलाउनू र तपाईंबाट परमेश्वरको वचन सुन्नू भनी उहाँले एउटा स्वर्गदूतबाट निर्देशन पाउनुभएको छ ।
म जानेछु ।


यसो नगर्नोस्–खडा हुनुहोस् । म पनि मानिस मात्रै त हुँ ।
भित्र आउनुहोस्– मेरो परिवार र मानिसहरू परमेश्वरबाट तपाईँलाई आज्ञा भएका कुराहरू सुन्न पर्खिरहेका छन् ।
एउटा यहूदीका लागि अन्यजातिसित सङ्गति गर्नु वा उसकहाँ जानु हाम्रो व्यवस्था विपरित हो भनेर तपाईँ जान्नु नै हुन्छ ।
तर अब मैले कसैलाई अशुद्ध वा अपवित्र भन्नुहुन्न भनी परमेश्वरले मलाई देखाउनुभएको छ ।
एउटा चम्किलो वस्त्र लगाएको मानिसले आएर मलाई परमेश्वरले मेरो प्रार्थना सुन्नुभएको छ र गरिबलाई मैले दिएको दान उहाँले देख्नुभएको छ भनेर भन्नुभयो । अनि तपाईँलाई बोलाउन पठाउनु भनेर उहाँले भन्नुभयो ।
अब तपाईँले हामीलाई भन्नुपर्ने कुरा सुन्न हामी यहाँ परमेश्वरको उपस्थितिमा भेला भएका छौँ ।


साँच्चै म थाह गर्छु कि परमेश्‍वरले कसैको पक्षपात गर्नुहुन्न तर उहाँको भय मान्‍ने र धार्मिकताको काम गर्ने सबै मानिसहरू उहाँको लागि ग्रहणयोग्य हुन्छन् ।
इस्राएलका मानिसहरूलाई परमेश्‍वरले पठाउनुभएको सन्देशको बारेमा तपाईंहरू जान्‍नु नै हुन्छ- येशू ख्रीष्‍टको सुसमाचार जो सबैका प्रभु हुनुहुन्छ ।
परमेश्‍वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो ।
उहाँ सुकर्म गर्दै र शैतानको अधीनमा भएका सबैलाई निको पार्दै चारैतिर घुम्नुभयो ।
उहाँलाई नै परमेश्‍वरले जीवित र मृतकहरूका न्यायकर्ता नियुक्त गर्नुभयो ।
उहाँ माथि विश्‍वास गर्ने सबैले उहाँको नाउँद्वारा पापको क्षमा पाउँछन् ।
Ξεσυς Χριστ ισ Λορδ.
只有上帝可以節省。
हेर त-अन्यजातिहरूले पनि अन्यभाषामा परमेश्‍वरको प्रशंसा गर्दैछन् ।
त्यसो भए, यी मानिसहरूलाई पानीको बप्‍तिस्मा दिन कसले रोक्‍न सक्छ र ? किनकि यिनीहरूले पनि हामीले जस्तै पवित्र आत्मा पाएका छन् ।


तर यस घटनाले एउटा विवाद उत्पन्न गरायो–अब अन्यजातिहरूलाई खतना गर्ने कि नगर्ने ? भन्ने प्रश्नहरू उठ्न थाले ।
तपाईं खतना नै नभएका मानिसहरूको घरमा मात्र जानुभएन, तर तिनीहरूसित बसेर खानु पनि भयो ।
यसै कारण त म स्पष्टिकरण दिन यरूशलेम आएको छु ।
परमेश्वरले जसलाई शुद्ध गर्नुभएको छ त्यसलाई अशुद्ध नभन्नू भनेर परमेश्वरले मलाई दर्शनमा स्पष्टसित बताउनुभयो ।
अनि परमेश्वरले अन्यजातिलाई पनि अनन्त जीवनको निम्ति यो पश्चातापको वरदान दिनुभएको छ ।


स्टिफनसको मृत्युपछि छरपष्ट भएकाहरू विभिन्न
ठाउँहरूहुँदो यात्रा गर्दै साइप्रससम्म आइपुगे ।
ग्रीकहरूको एउटा झुण्डले पनि विश्वास गरे ।
यरूशलेममा भएको मण्डली
नेतृत्वलेकहाँ यो समाचार पुग्यो ।
यो समाचार साँचो हो कि होइन भनी बुझ्न तपाईं एन्टिओक जानुपर्छ । ठूलो संख्यामा अन्यजातिहरू प्रभुकहाँ आउँदैछन् भनी हामीले सुनेका छौं ।
यी मानिसहरूलाई सिकाउने कुरामा मलाई सघाउन मैले पावललाई खोज्नैपर्छ ।
ठूला संख्यामा आइरहेका नयाँ विश्वासीहरूलाई सिकाउनलाई अब हामीसित ठाउँ पनि छ ।
हामीले ख्रीष्टियन भन्ने एउटा नयाँ नाउँ पनि पाएका छौं । ख्रीष्टियनको अर्थ साना ख्रीष्टहरू ।
एक वर्षपछि ।
अगमवक्ता अगाबसले रोमी राज्यभरि ठूलो अनिकाल पर्नेछ भनी अगमवाणी गरेका छन् । हामीले यरूशलेममा भएको मण्डलीमा सहायता पठाउनुपर्छ ।
हामी पठाउनेछौं ।


हेरोदले थुप्रैलाई तरवारले मारे र पत्रुसलाई चाहिँ झ्यालखानामा हाले ।
तर यसै समयमा यरूशलेममा भएको मण्डली ठूलो सतावटमा पर्‍यो ।
पुर्पक्षका लागि हेरोदको सामु उभिनुपर्ने ठीक एक दिन अगाडिको रात पत्रुस साङ्लाले बाँधिएर बाहिर दुई पहेरदारहरूको कडा पहरामा भित्र मस्त सुतिरहेका थिए ।
छिटो उठ !
पत्रुसको नाडीबाट साङ्ला खस्यो ।
स्वर्गदूतले झ्यालखानाको ढोकाहरू खोले र उनी पहिलो र दोस्रो पहरेदार-चौकी पार गरेर अघि बढे ।
फलामको ढोका जहाँबाट सहर पुग्थ्यो त्यो आफैँ खोलियो ।
क्रिकक्‌क्‌...


अब मैँले थाहा पाएँ कि हेरोदको पन्जाबाट र यहूदीहरूले मलाई जे गर्न खोजेका थिए, ती सबैबाट छुटकारा दिन उहाँले आफ्नो स्वर्गदूत पठाउनुभएको रहेछ ।
ढक् ढक्
म पत्रुस । मलाई भित्र आउन देऊ न !
पत्रुस रहेछ ! उहाँ बाहिर ढोकामा उभिरहनुभएको छ ।
तिमी होशमा छैनौ जस्तो छौ ।
होइन, यो साँचो हो । मैले उहाँको आवाज सुनेँ !
त्यसो भए त्यो उहाँको स्वर्गदूत हो ।


डयाङ !
डयाङ !
डयाङ !
के भएको हो, त्यसको जानकारी याकूब र उहाँका भाइहरूले लेऊन् । म अर्को ठाउँ जानुपर्छ ।
के भयो भन्ने बारेमा हामीलाई केही अत्तोपत्तो छैन भनी पहरेदारहरू भन्छन् । तिनीहरूले आँखा खोल्दा ऊ गायब भइसकेको थियो ।
ऊ त्यसरी गायब हुनैसक्तैन । ऊ त पहरेदारहरूको बीचमा साङ्लाले बाँधिएको थियो ।
तिनीहरूलाई मृत्युदण्ड देऊ ! तिनीहरूले पत्रुसलाई खोज्न पनि सकेका छैनन् अनि तिनीहरूले यसको कुनै स्पष्टिकरण दिन सकेका छैनन् ।
त्यो त हो, हजुर ।


हेरोद टायर र सिडोनका मानिसहरूसित साह्रै रिसाएका थिए अनि तिनी सिजरियाको सहरमा हुँदा मानिसहरूले उनको भाषण सुन्न चाहे ।
यो त ईश्वर को स्वर हो, मानिसको होइन ।
म ठूलो पीडामा छु ! मलाई सहायता चाहिएको छ.... मलाई यहाँबाट बाहिर निकालिएको होस्.....
तर परमेश्वरले तुरुन्तै उनलाई प्रहार गरे किनकि उनले परमेश्वरलाई महिमा दिएनन् ।
उनी कीरा परेर मरे ।
तथापि.....परमेश्वरको वचन बढ्दै गयो र फैलँदै गयो ।
यरूशलेमको मण्डलीमा आफ्नो सेवा पुऱ्याएर बर्नाबास र शाऊल एन्टिओकको मण्डली फर्के र आफ्नो साथमा यूहन्ना मर्कूसलाई पनि लगे ।

प्रेरित १२:२०-२५



सुसमाचार फैलँदै गएपछि, ख्रीष्टको वचनले धेरैको जीवनलाई परिवर्तन गऱ्यो ।
बर्नाबास र पावल एन्टिओक फर्के र तिनीहरूको साथमा बर्नाबासको आफन्त यूहन्ना मर्कूस पनि थिए ।
एन्टिओकको मण्डलीमा अगुवाहरू मध्ये ग्रीक र अफ्रिकन पनि थिए ।
तिनीहरू उपवास बसेको समयमा परमेश्वरले तिनीहरूलाई यसो भन्नुभयो :
बर्नाबास र पावललाई यो नयाँ कामको लागि अलग गर ।
प्रभु, तिनीहरूले सारा संसारमा येशूलाई घोषणा गर्दै गर्दा तिनीहरूलाई सुरक्षा दिनुहोस्, अगुवाई गर्नुहोस् ।
पावल र बर्नाबास यूहन्ना मर्कूसलाई साथ लिएर जहाज चढी साइप्रसतिर गए ।
Iconium
Perga
Attalia
PAMPHYLIA
Derbe
CILICIA
LYCIA
Seleucia
Antioch
Myra
Salamis
SYRIA
PHOENICIA
ABILENE
तिनीहरूले बर्नाबास जन्मेको सहर सलामिसका सभाघरहरूमा सुसमाचार प्रचार गरे ।
पावल धर्मशास्त्रमा पोख्त भएको कारणले अनि उनी धेरै वर्षसम्म फरिसी रहेको कारण उनलाई स्वागत मिल्यो ।




प्रेरित १३:१–५


साइप्रसको पाफोस सहरमा अञ्चलाधीस सेर्गियस पौलसले पावल र बर्नाबासको वचन सुन्न चाहे ।
तर टुनामुना गर्ने एलिमासले तिनीहरूको विरोध गरे र सर्गियसलाई सुसमाचारबाट तर्काउन खोजे ।
येशूको बारेमा तिमीहरूले झूट्टो बोल्दैछौ !
हे, सारा छल र सम्पूर्ण धूर्तताले भरिएको शैतानको बच्चा !
परमेश्वरले तँलाई अन्धोपनले प्रहार गरून् !
गुहार गुहार !
मैले तपाईंको येशूको बारेमा सुन्ने आशा गरेको थिएँ ।
तर अहिले उहाँको शक्तिले साँच्चिकै काम गरेको मैंले देखें ।


त्यसको लगत्तै पावल, बर्नाबास र यूहन्ना मर्कूस पेर्गातिर लागे ।
बर्नाबास, म तिमीसित जान सक्छु जस्तो मलाई लाग्दैन।
मेरी आमा एक्लै हुनुहुन्छ.... म यरूशलेम फर्किनुपर्छ
परमेश्‍वर तिम्रो साथमा रहनुभएको होस्, मर्कूस ।
यूहन्ना मर्कूस घर छोड्नै सक्तैनन् ।
यूहन्ना मर्कूस अलि डराउने खालका छन् !
लामो यात्रा छ । अनि ऊ चाहिँ आमाको बारेमा चिन्तित छ ।
परमेश्‍वरको कामबाट तर्किनेको लागि मसित कुनै समय छैन ।
के हामी क्षमाको सुसमाचार प्रचार गर्दैनौं र ?
हुँ ?
के हामीले त्यसको अभ्यास गर्नुपर्दैन र ?



तिनीहरूले डाँकुहरूको लागि कुख्यात मानिएको खतरनाक तौरस पहाड पार गरे....
अनि १०० माइल उत्तरपश्चिम हिँडेर पिसिडियास्थित एन्टिओकको अर्कोपट्टितिर आइपुगे।
थकित भएर तिनीहरूले विश्रामदिन सभाघरमा बिताए।
साथीहरू, परमेश्वरबाट तपाईँले पाउनुभएको केही वचनहरू तपाईँले हामीसित बाँड्न सक्नुहुन्छ।
पावलले यस निमन्त्रणाको अवसरलाई कसरी प्रयोग गर्नेछ भनेर उसले सोच्न पनि सकेको थिएन होला।
हे परमेश्वरका सङ्गी-आराधकहरू हो, सुन्नुहोस् :
परमेश्वरले आफ्ना मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा बस्ने अन्यजातिहरूदेखि छुटकारा दिनुभयो।
उहाँले दाऊदलाई इस्राएलको राजा नियुक्त गर्नुभयो। दाऊदको वंशबाट आएका येशू नै यस ब्रम्हाण्डका राजा हुनुहुन्छ।
येशूलाई दोषी ठहराएर यरूशलेमका शासकहरूले अगमवाणीलाई पूरा हुन दिएका छन्।
तिनीहरूले येशूलाई मृत्युदण्ड दिए तर परमेश्वरले उहाँलाई मृतकबाट ब्युँताउनुभयो। अनि यिनै ब्युँताइएका ख्रीष्टलाई सयौँ मानिसहरूले आफ्नै आँखाले देखेका थिए।
हामी तपाईँहरूलाई सुसमाचार सुनाउँछौँ : येशूले हाम्रा पापहरू बोक्नुभयो।
परमेश्वरले उहाँलाई बौरी उठाउनुभयो : उहाँ जीवित हुनुहुन्छ!
अनि त्यसपछि पावलले धर्मशास्त्रका त्यही खण्डहरूलाई उद्धृत गरे जुन स्टिफनसले ढुङ्गाले हानिएको दिन गरेका थिए।


येशूद्वारा प्राप्त हुने क्षमा तथा पापदेखिको छुटकारा हामी घोषणा गर्दछौँ ।
हाम्रो असल व्यवहारले हामीलाई उद्धार दिँदैन, परमेश्वरको अनुग्रहको वरदान र विश्वासले मात्रै उद्धार दिन्छ ।
धेरै मानिसहरूले त्यस दानलाई स्वीकार गरे, आफ्ना पापहरू मानिलिए अनि परमेश्वरका सन्तानहरू भए !
मानिसहरूले तिनीहरूलाई फेरि फर्कन र बोल्नको निम्ति निमन्त्रणा दिए ।
अर्को हप्ताको अन्त्यतिर पनि भीड बढेको कारण धार्मिक अगुवाहरू डाहले भरिए ।
आराधना गर्ने ठाउँमा नाना थरिका शिक्षाहरू ल्याउने तिमीहरू को हौ ?
यी मानिसहरू आफू के कुरा गर्दैछन् यिनीहरूलाई नै थाहा छैन ।
यिनीहरू तपाईंहरूलाई छल्न र लुट्न आएका हुन् !
हामीले पहिले तपाईंहरूलाई परमेश्वरको वचन ल्याएका हौँ तर तपाईंहरूले इन्कार गर्नुभएको कारणले हामी अन्यजातिहरूकहाँ जानेछौँ ।
यशैयाले ख्रीष्टको बारेमा भन्नुभएको छ, "मैले तिमीलाई अन्य जातिहरूका ज्योति हुनाका निम्ति ठहराएको छु, तिमी पृथ्वीको छेउसम्म मुक्तिको कारण हुनुपर्छ ।"
येशू र प्रेरितहरू सबै यहूदीहरू थिए । जब गैह्र–यहूदीहरूले सुसमाचार सुने, तब येशूले तिनीहरूका निम्ति पनि मर्नुभएको कुरा सुनेर तिनीहरूले खुशी र धन्यवाद पाए !
तिनीहरूले परमेश्वरको वचनलाई आदर गरे अनि अनन्त जीवनको निम्ति नियुक्त भएकाहरू सबैले विश्वास गरे ।


तर धार्मिक अगुवाहरूले नागरिक अगवाहरूलाई पावल र बर्नाबासको विरुद्धमा उक्साए।
हामीलाई तिमीहरूको धर्म चाहिएको छैन। तिमीहरूले हाम्रा मानिसहरूलाई बिगार्दैछौ!
यहाँबाट निस्केर गइहाल!
तर एन्टिओकमा नयाँ विश्वासीहरू आनन्द र पवित्र आत्माले भरिए अनि  तिनीहरूले आफ्नो नयाँ विश्वासको निम्ति उत्सव मनाए।
तिनीहरूले इकोनियमतिर यात्रा गरे र त्यहाँ पनि येशू नै ख्रीष्ट हुनुहुन्छ भनेर सिकाए।
तर अविश्वासीहरूले मानिसहरूलाई तिनीहरूको विरुद्धमा उक्साए।
तिनीहरू झूट्टा हुन्।
विधर्मी! बेमेल गराउनेहरू!
भीडलाई भड्काउनेहरू!
येशूले अगमवाणी गर्नुभएझैँ, सुसमाचारले ज्योति र अन्धकारको बीचमा विभाजन उत्पन्न गरायो।
तिनीहरूले तिमीहरूलाई भोलि ढुङ्गाले हान्ने योजना बनाउँदैछन्। मध्याह्नअघि नै!
परमेश्वरले हामीलाई सुरक्षा दिनुहुनेछ।
तर परमेश्वरले स्टिफनसलाई ढुङ्गाले हानिएर मर्न दिनुभयो।
हामी पक्कै पनि उनीभन्दा असल छैनौँ।
म त झन् ज्यादा खराब छु।


पावल र बर्नाबास त्यहाँबाट राति नै भागे र लिस्त्रातिर लागे ।
किरकिटी र मृगशिराका तारासमूहहरू । अयूब र आमोसले त्यसको बारेमा बताएका छन् । अनि परमेश्वरले अहिले हामीलाई ती प्रकट गरिदिनु भएको छ ।
धन्यवाद परमेश्वर हामीलाई तपाईँको सृष्टिद्वारा बोल्नुभएको निम्ति !
हामी थकित र कमजोर छौँ, प्रभु, तर तपाईं महान् र सामर्थी हुनुहुन्छ । कृपया, हामीलाई तपाईंका योजनाहरू देखाउनुहोस् ।
केही घण्टाको निद्रापछि पावल र बर्नाबास लिस्त्राको सडकहरूमा हिँड्न थाले ।
म कहिले हिँडेको छैन ।
के यो येशू भन्ने व्यक्तिले मलाई निको पार्न सक्नुहोला र ?
खडा होऊ !



प्रेरित १४:८–१०


ईश्वरहरू मानिसको रूप धारण गरेर आएका छन् !
उहाँ जेउस हुनुहुन्छ !
अनि उहाँ चाहिँ हेर्मेस–ईश्वरहरूका प्रवक्ता !
हामीले उनीहरूलाई बलिदानहरू चढाउनुपर्छ !
अँ हँ, यसो नगरौँ ! हामी मानिसहरू मात्र हौँ ! परमेश्वरलाई मात्र आराधना गरौँ !
सृष्टिलाई आराधना गर्न छोड्नुहोस्, सृष्टिकर्ताको असल सुसमाचार !
मानिसहरूले बलिदानहरू चढाउन थाले ! पावल र बर्नाबासले तिनीहरूलाई मुश्किलैले रोक्न सके !


चेतावनी बिना इश्वरियमका धार्मिक नेताहरूले भीडबाट धकेलियो।
हामी ईश्वरहरू होइनौँ भनेर यी मानिसहरूले ठीकै भनेका हुन् ।
पावल ईश्वरका प्रवक्त्र होइनन् । उनी झूट्टा हुन् !
के तिमीहरू आफ्ना ईश्वरहरूलाई खुशी बनाउन चाहन्छौ ? किन गोरू बलिदान चढाउने, यही पावललाई बलिदान चढाऊन् ।
फरिसीका वचनहरूलाई विश्वास गरेर भीड एक्कासी पावलको विरूद्धमा जाइलाग्न थाल्यो ।



प्रेरित १४:१९-२०





प्रेरित १४:१९-२०


के ऊ अझै जीवित छ ?
मलाई त लाग्दैन... एकछिन पर्ख...
तिनीहरूले तिमीलाई मारे भन्ने हामीले सोचेका थियौँ !
परमेश्वरको अर्को योजना रहेछ भन्ने कुरा पक्का भयो !
पावलले रातभरि विश्राम गरे अनि अर्को दिन फेरि आफ्नो यात्रा जारी राखे ।
तपाईंले याद गर्नुभयो होला कि आफ्नो विश्वासको बारेमा बताउन पावलले कहिल्यै लाज मानेनन् !
न त आफ्नो विरुद्धमा बोल्नेदेखि नै उनी कहिल्यै डराए ।
उनी र उनका साथीहरू पिसिडियाद्वारा भएर फर्के ।
अनि तिनीहरू सहरहरूमा पनि फर्के जहाँ फेरि तिनीहरूका समस्याहरू सुरु भयो ।
पावलको प्रचारद्वारा अन्यजातिहरूले पाएको मुक्तिको दानमा सबैतिरका विश्वासीहरूले आनन्दोत्सव मनाए ।


लामो यात्रा तय गरेपछि, पावल र बर्नाबास यरुशलेम फर्के । त्यही समयमा एउटा नयाँ विवाद सुरु भयो ।
परमेश्वरको अनुग्रहद्वारा अब एशियाभरि हाम्रा अन्यजाति दाजुभाइ र दिदीबहिनीहरू भए ।
परमेश्वरका सन्तानहरूले परमेश्वरको व्यवस्थालाई मान्नैपर्छ !
परमेश्वरले आज्ञा दिनुभए झैँ तिनीहरूको पनि खतना हुनुपर्छ !
अन्यजाति कर्नेलियसको बारेमा परमेश्वरले दिनुभएको दर्शनको बारेमा विचार गर्नोस् त !
परमेश्वरले हामीहरूबीचको विभाजन हटाई दिनुभएको छ । अब हामीले नै पालन गर्न नसकेको नियमहरू हामीले कसरी तिनीहरूलाई पालन गर्न लगाउने दुःसाहस गर्न सक्छौँ र ?
पावलको यात्रामा घटेको आश्चर्यकर्महरूको बारेमा हामीले सुनेका छौँ ।
अन्यजाति विश्वासीहरू अब हाम्रो परिवार भइसके । हामीले तिनीहरूलाई विश्वासमा उत्साह दिनुपर्छ, तिनीहरूलाई गह्रौँ जुवा बोक्न लगाउनुहुन्न !
त्यसपछि, अर्को अचम्मको घटना घट्यो....
सबैजना सहमत भए !
पावल लगायत एउटा सानो झुण्डलाई एन्टिओकमा पठाइयो जहाँ ठूलो आनन्दसाथ पत्र पढियो ।


पत्रुस र उनका साथीहरूले फेरि यात्रा गर्नुपर्ने कुरा महसूस गरे, यसपल्ट चाहिँ...
...एशियाका सहरहरूमा फर्कने कुरा भयो। ख्रीष्टमा हाम्रा दाजुभाइ, दिदीबहिनीहरूको खबर के कस्तो छ, हामी बुझ्रेर आऔँ!
कस्तो अचम्म! म पनि त्यही सोचिरहेको थिएँ।
यूहन्ना मर्कूस पनि हामीसितै आउनेछन्!
यूहन्ना मर्कूसलाई तिमीले अझै क्षमा गरेका छैनौँ?
यूहन्ना मर्कूसको सम्बन्धमा मेरो विचार परिवर्तन हुन सक्तैन। उसले हामीलाई छोडेर गएको थियो!
तर तिनीहरूबीचको विवादलाई पनि परमेश्वरले आफ्नो राज्य विस्तारको निम्ति नै प्रयोग गर्नुभयो।
मण्डलीको प्रार्थनासहित तिनीहरू फेरि यात्रामा लागे।
बर्नाबास यूहन्ना मर्कूसलाई लिएर साइप्रसतिर लागे...


...पावल चाहिँ उत्तरतिर लागे, यसपल्ट उनको सहयात्री सिलास थिए।
PHILIPPI
AMPHIPOLIS
NEAPOLIS
THESSALONICA
APOLLONIA
BEREA
TROAS
ANTIOCH IN PISIDIA
ICONIUM
LYSTRA
EPHESUS
CNIDUS
RHODES
DERBE
TARSUS
ISSUS
ANTIOCH
SELEUCIA
CYPRUS
DAMASCUS
SIDON
TYRE
PTOLEMAIS
CAESAREA
JERUSALEM


पावलले स्थापना गरेका मण्डलीहरूमा भेटघाट गर्न र तिनीहरूलाई उत्साह दिन तिनीहरू दमस्कसतिर यात्रा गरे, सिरियाहुँदो अघि बढे अनि पहाडहरू पार गर्दै फर्के।


आफ्नो यात्रामा, पावलले तिमोथी नाम गरेका जवान व्यक्तिको बारेमा सुने ।
अन्त्यमा, पावलले लिस्त्रामा तिमोथीलाई भेटे । एशियाभरि सुसमाचार प्रचार गर्दै धेरैलाई येशू चिन्न सहायता गर्दै तिमोथीले पावलसित यात्रा गरे ।



प्रेरित १६:१–४


हामीलाई सहायता गर्न आउनुहोस् !
म्यासिडोनियामा आउनुहोस् !
हामीलाई सहायता गर्न आउनुहोस् !
उठ !
अघि बढ्ने समय आएको छ !
समुद्र तरेर परमेश्वरको वचन सुनाउन अब हामी पश्चिमतिर जानुपर्छ !
पक्का हो ?
पक्का ! मैँले एउटा सपना देखेँ...

प्रेरित १६:९–१०


अचम्मको कुरो, मलाई पनि टोलीमा सहभागी गराइएको थियो ।
अनि हामी मेरो जन्मभूमि....ग्रीस जाँदै थियौं !
सीधा फिलिप्पी जाने पहिलो जहाज हामीले पक्र्यौं अनि थुप्रै दिन हामी त्यहीं बस्यौं ।
विश्रामको दिन थियो । हामी नदीको किनारमा प्रार्थना गर्ने एउटा ठाउँमा गयौं जहाँ केही स्त्रीहरू भेला भएका थिए ।
पावल निर्भीक भएर सुसमाचार सुनाउन थाले ।
नदीमा कपडा धोएर मैलो त जाला....
...तर तपाईंहरूको प्राणबाट कसरी पाप पखालिन्छ,त्यसको बारेमा म बताउन चाहन्छु...
लिडिया नाम गरेका एउटा धनी व्यपारी स्त्रीले चाँडै नै येशूमा विश्वास गरिन्, यस्तो लाग्थ्यो मानौं यही सुसमाचार सुन्न उनी पर्खिरहेकी थिइन् ।
उनी र उनको घरानाले बप्तिस्मा लिइन् ।
मेरो अनुरोध छ, तपाईंहरू सबैजना मेरो घरमा बस्नुहोस् !
नरम ओछ्यान र मीठो भोजनको प्रस्तावलाई हामीले कसरी इन्कार गर्न सक्थ्यौं र ?
अनि अझ मुख्य कुरा त, त्यो ग्रीक खाना थियो ! लिडिया र उनको भान्छे पकाउनमा पोख्त थिए !!!



प्रेरित १६:१३–१५


फर्कँदै गर्दा नदीको किनारहुँदो एउटा जवान जोखना हेर्ने केटीले यसो भन्दै हामीलाई पछ्याई :
हेर ! यी मानिसहरू लाई...
...यी मानिसहरूले सर्वोच्च परमेश्वरको सेवा गर्छन्....
....तिनीहरूले मुक्तिको मार्ग घोषणा गर्दछन् !
भूतात्माको लागेको ती केटीको विज्ञापन हामीलाई चाहिएको थिएन !
केही दिनहरूपछि, पावलले एक्कासी एउटा उदेकको आज्ञा दिए !
येशू ख्रीष्टको नाउँमा म तँलाई आज्ञा दिन्छु, त्यसबाट निस्केर आइज् !
ती केटी भूतात्माबाट नियन्त्रित थिई ! त्यसलाई छुटकारा दिन परमेश्वरले पावललाई प्रयोग गर्नुभयो !



समस्या टऱ्यो भनेर सोचेको त, त्यसले झन् उग्र रूप पो लियो ।
ती दास केटी खुशी थिई... तर तिनका मालिकहरू खुशी थिएनन् ।
भूतात्माले ती केटीबाट जोखना हेर्ने दान लिएर गएको थियो !
यी यहूदीहरू गडबडी मच्चाउनेहरू मात्रै हुन् !
यिनीहरूले हाम्रा नीति नियमहरूको विरुद्धमा प्रचार गर्छन् !
यिनीहरूलाई चुटिसकेपछि झ्यालखानामा जाकिदेउ !
यी सबै हेर्दा म पनि मरेतुल्य भएँ... तर केही गर्नको निम्ति म शक्तिहीन थिएँ...


जेलप्रमुखले तिमीहरूलाई कडा पहरा दिएर थुनिदिनु भन्ने हुकुम दिनुभएको छ ।
मेरो जेलबाट कोही बाहिर निस्कन सक्तैन !
तपाईँमा, हे परम प्रभु, म शरण लिन्छु, तपाईँको धार्मिकतामा मलाई छुटकारा दिनुहोस् !
तपाईँको कान मतिर लगाउनुहोस्, मलाई झट्टै छुटकारा दिनुहोस् ! मेरो निम्ति शरणको चट्टान हुनुहोस् र मलाई उद्धार गर्न बलियो गढ ।
गीत गाउँदै ?
कैदीहरू त गीत पो गाउँदैछन् !?

प्रेरित १६:२३-२५



RRUMBLE
के... ??? !!!
भूकम्प पछि, जेलर, कक्ष हेर्दै ढोका खुल्ला खुल्यो।
मेरो जीवन एउटा दिनार बराबर पनि छैनँ !
पर्ख !
आफूलाई कुनै हानि नगर्नुहोस् !
हजूरहरू हो ! उद्धार पाउन हामीले के गर्नुपर्छ ?
प्रभु येशू र उहाँले तपाईंको लागि के गर्नुभएको छ, त्यसमा
गर्नुहोस्.....
....अनि तपाईं र तपाईंको घरानाले
पावलले तिनीहरूलाई सुसमाचार प्रचार गरे।
अनि तिनीहरू सबैले विश्वास गरे–भुइँचालोभन्दा ठूलो आश्चर्यकर्म भयो !




प्रेरित १६:२६–३२


हाम्रो घायल शरीरलाई धोइदिनुभएको निम्ति तपाईंहरूलाई धन्यवाद छ।
अब हामी तपाईंहरूको घाइते प्राणलाई येशूले दिनुभएको चङ्गाईको खुशीयालीमा तपाईंहरूलाई बप्तिस्मा दिन्छौं।
गाउने कैदीहरू र भुइँचालोको निम्ति धन्यवाद प्रभु!
कैदीहरू पावल र सिलासलाई छोडिदेऊ!
पावल! तपाईंहरूलाई छोडिदिने हुकुम भएको छ.... शान्तिसित जानुहोस्!
तपाईंहरूले सबैको अगाडि हामीलाई पिट्नुभयो, तर अहिले सुटुक्क जान भन्नुहुन्छ? तपाईंका हाकिमहरू आफै आएर हामीलाई बाहिर निकालून्!
हामी रोमी नागरिकहरू हौं! तापनि, हाम्रो दोष प्रमाणित नभईकनै तपाईंहरूले हामीलाई थुन्नुभयो।
हामीलाई थाहा थिएन। हामीलाई क्षमा गरिदिनुहोस्!
हामी आफैं तपाईंहरूलाई पहरा दिएर सहरबाट बाहिर निकाल्छौं!
त्यसपछि, पावल र सिलास विश्वासी दाजुभाइ र दिदीबहिनीहरू कहाँ भेटघाट गर्न गए।



पावल, सिलास र तिमोथीले म्यासिडोनियापारि थेस्सलोनितर्फ आफ्नो यात्रा जारी राखे।
म फिलिप्पीमा नै रहेँ तर कुनै दिन उनीसित फेरि भेट्ने आशा गरेँ।
कुनै दिन मैले घृणा गरेको मान्छे मेरा घनिष्ठ साथी भए।
येशूले कसरी अगमवाणी पूरा गर्नुभयो भनी तीन विश्रामदिनहरूसम्म थेस्सलोनिकामा पावलले प्रचार गर्दै रहे।
ख्रीष्टले कष्ट भोग्नु र मृतकबाट जीवित हुनु आवश्यक थियो।
धेरैले येशूमा विश्वास गरे, तर सभाघरका अगुवाहरूले पावल र सिलासको विरुद्धमा भीडलाई उक्साए।
यासोन! खुलस्त कुरा गर!
ती विधर्मीहरूलाई हाम्रो हातमा सुम्पिदेऊ!
पावल र सिलासले संसारलाई नै उलट पुलट पारेका छन्।
यासोनले नै तिनीहरूलाई र तिनीहरूका घातक शिक्षालाई यहाँ स्वागत गरेको हो!
तिनीहरूका आरोपहरूले अधिकारी वर्गलाई चिन्तित तुल्याए तर तिनीहरूले धरौटीको रकम लिएर यासोनलाई जान दिए।


एकपल्ट फेरि पावल र उनका साथीहरू सुदूर पश्चिमतिर भागे –
–यसपल्ट चाहिँ उनीहरू बेरियातिर गए जहाँ तिनीहरूले यस्ता मानिसहरू भेट्टाए जसले तिनीहरूले बोलेका वचनहरू सत्य हुन् कि होइनन् भनी बडो उत्सुकता पूर्वक धर्मशास्त्रसित तुलना गर्दथे
दुभार्ग्यवश, संकष्टले थस्सलोनिकीदेखि नै तिनीहरूलाई पछ्याउँदै आयो ।
अनि फेरि, भीड उनीहरूको विरुद्धमा उत्तेजित हुन थाले ।
सिलास र तिमोथी त्यही ठाउँमा बसे भने पावल एथेन्सतिर लागे ।
पावल त्यस ठाउँमा भएका धेरै मूर्तिहरूको कारणले बेचैन भए ।


धर्मशास्त्रले पहिलेदेखि नै बताए जस्तै येशू मर्नुभयो, गाडिनुभयो र फेरि बौरी उठ्नुभयो।
तपाईंले हामीलाई अनौठा कुराहरू पो बताउँदै हुनुहुन्छ।
हामीले बुझ्न सकिरहेका छैनौं...तापनि तपाईंको कुराले हामीमा उत्सुकता जगाइरहेको छ...हामीलाई अझै बताउनुहोस्।
यो बकबकेले के भन्दैछ?
यसले विदेशी देवताहरूका बारेमा प्रचार गर्दैछ क्यारे।
पावललाई मार्स हिल्समा निमन्त्रणा दिइयो जहाँ एथेन्सवासीहरू भेला भएर नयाँ विचार धाराहरूका बारेमा छलफल गर्न मन पराउँथे।
हे एथेन्सवासीहरू हो, तपाईंहरू धार्मिक प्रवृत्तिका मानिसहरू हुनुहुन्छ भन्ने कुरा स्पष्टै छ।
तपाईंहरूका आराधना स्थलहरूलाई हेर्दै जाँदा एक ठाउँमा लेखिएको एउटा कुराले मेरो ध्यानाकर्षण गऱ्यो...
"अपरिचित परमेश्वरका निम्ति" म त्यस परमेश्वरलाई चिन्दछु! उहाँले नै सारा संसार यसमा भएका यावत् कुराहरू सृष्टि गर्नुभएको हो।
तर उहाँ मानव हातद्वारा बनिएको मन्दिरमा वास गर्नुहुन्न....
अनि यही येशू, जसलाई परमेश्वरले मृतकबाट ब्युँताउनुभयो, उहाँले नै एकदिन संसारलाई न्याय गर्नुहुनेछ।
पुनरुत्थानको बारेमा सुनेर कतिले त्यसलाई हाँसोमा उडाए भने कोही कोही चाहिँ पावलको पछि लागे।
तिनीहरू अझै सुन्न चाहन्थे।



पावलले एथेन्सदेखि कोरिन्थसम्म ७० माइल दूरीको यात्रा गरे ।
यो कूटनीतिक दृष्टिकोणले व्यवसाय तथा अपराधको केन्द्रबिन्दु थियो ।
एकातिर मासुको व्यापार हुँदै थियो भने अर्कोतिर देहव्यापार ।
कोरिन्थमामा पुगिसकेपछि, पावलले एक्विला र प्रिस्किलालाई भेट जो पेशाले पाल बनाउने काम गर्दथे ।
तपाईं त पाल बनाउने काममा निपूर्ण हुनुहुँदो रहेछ !
म टार्ससमा बस्दथेँ । त्यहाँ बाख्राको रौँबाट बनेका कपडाहरू प्रशस्त पाइन्छन् ।
मेरो बुबाले मलाई सिकाउनु भएको हो ।
उहाँ तपाईंलाई देखेर गर्व गर्नुहुन्थ्यो होला ।
कुनै समय गर्नुहुन्थ्यो... अहिले नि ?
उहाँको लागि म मरिसकेँ ।
क्लाउडिस सिजरले यहूदीहरूलाई रोमबाट देशनिकाला गरिदिएको कारणले हामी यहाँ छौँ ।
अनि तपाईं चाहिँ यहाँ कसरी ?
म पनि यहाँ आएको सिजरकै कारणले हो तर मेरो विरुद्धको उसको योजना परमेश्वरले नै अनुमति दिनुभएको हो ।
हँ ?








यशैया ५३:५-६; प्रेरित १८:७


टाइटस जस्टस ! के तपाईँ घरमै हुनुहुन्छ ?
ओहो दाइ !
त्यो दोसल्लामुनि शिर लुकाउँदा त तपाईँ बारुलो जस्तो पो देखिनुहुन्छ ।
त्यो सभाघरको शासक, क्रिस्पस !
...त्यसले आफूले नै सिकाउने गरेको धर्मशास्त्रको अर्थ बुझ्नदेखि आफ्नो समझलाई बन्द गरेको छ ।
कुरा सुन्दा पहिले कतै मैले सुनेको त्यो शावल नाउँ गरेको एउटा कट्टरपन्थी जस्तो पो लाग्छ ।


त्यस रात ।
तिमीलाई केही कुराले सताइरहेको जस्तो छ, क्रिस्पस ।
यस पावललाई सराप परोस् ! यशैयाको वचनले मलाई सताइरहेको छ ।
मलाई भन, किन एउटा सभाघरको शासक धर्मशास्त्रको वचनलाई लिएर अशान्त हुन्छ ?
के... के येशू प्रतिज्ञा गरिएका ख्रीष्ट हुनुसक्ला त ?
मलाई लाग्छ, हामीले यो पावल भन्ने मानिससित कुरा गर्नैपर्छ....
क्रिस्पस र उनका सम्पूर्ण घरानाले प्रभुमा विश्‍वास गरे ।
विरोधको बावजूद, पावल र उनका साथीहरूले धेरैलाई येशूलाई विश्‍वास गर्न सहायता गरे ।
एक रात येशू पावललाई दर्शनदिन आउनुभयोः
नडराऊ, प्रचार गर्दै जाऊ, बोल्नदेखि नरोक ।
म तिम्रो साथमा छु । कसैले तिमीलाई हानि गर्नेछैनन् । यस सहरमा मेरा धेरै मानिसहरू छन् ।


परमेश्वरको वचन सिकाउँदै, धेरै मानिसहरूलाई येशूका अनुयायीहरू हुन सहायता गर्दै पावल कोरिन्थमा डेढ वर्ष जति बसे।


त्यसपछि, छोटो समयको लागि उनी एफिससमा गए, त्यहाँबाट यरूशलेम गए अनि फर्केर एफिससमा आए।
GALATIA
EPHESUS
PHRYGIA
CORINTH
ANTIOCH
CYPRUS
JERUSALEM
त्यसपछि उनी सबै विश्वासीहरूलाई भेटघाट गर्दै तिनीहरूलाई उत्साह दिँदै गलातिया र फ्रिगी हुँदै फर्के।


प्रिस्किला र अक्विला पावलसित एफिसीतर्फ यात्रा गरे र उनीहरू दुई जना त्यहीँ बसे । पावल चाहिँ एन्टिओकतिर लागे ।
हाम्रा पापहरू उठाउन परमेश्वरले आफ्नो पुत्र पठाउनुभयो ।
यो ठूलो आनन्दको खबर हो - विश्वास गर्ने सबैले उद्धार पाउनेछन् !
राजा येशूले पवित्रशास्त्रको सबै अगमवाणीलाई पूरा गर्नुभएको छ ।
अनन्त जीवनको प्रतिज्ञा सबै राष्ट्रहरूका सबै मानिसहरूका निम्ति हो !
मैले सुनेका येशूका प्रचारकहरू मध्ये यिनी सबैभन्दा प्रभावशाली प्रचारक हुन् ।
अनि हामी यिनको नाउँ पनि जान्दैनौँ !
तपाईंले प्रचार गर्दै गरेको हामीले सुन्यौँ । हामी तपाईंसित कुरा गर्न चाहन्छौँ !
म अपोल्लस । मिश्रदेशको अलेक्जेन्ड्रियाबाट ।
प्रिस्किला र अक्विलाले महसुस गरे कि अपोल्लस जोशिला भएतापनि....
...उनले अझै नजानेका केही कुराहरू थिए ।
...मैले थुप्रै समय अलेक्जेन्ड्रियन पुस्तकालयमा बिताएको छु ।
तापनि मेरो शिक्षाले मलाई कहिल्यै परमेश्वरकहाँ ल्याउन सकेन ।
तर जब मैले येशूको सुसमाचार सुनेँ, तब मेरो जीवन बद्लियो...
त्यसपछि, तिनीहरूले उनलाई अलग्गै लगेर परमेश्वरको मार्गको बारेमा अझ स्पष्टसित बताइदिए ।
पावल जस्तै अपोल्लस पनि परमेश्वरको वचनका महान् प्रचारक भए ।


एन्टिओक छोडेर पावल बन्दरगाह नगर भनेर चिनिने एफिससतर्फको यात्रामा लागे ।
त्यहाँ उनले केही चेलाहरूलाई भेट्टाए जसले परमेश्वरको पवित्र आत्माको बारेमा सुनेका थिएनन् जो येशूमाथि विश्वास गर्ने साँचो विश्वासीहरूमा वास गर्नुहुन्छ ।
तीन महिनासम्म पावलले धर्मशास्त्रबाट तर्क गर्दै अनि मानिसहरूलाई परमेश्वरको राज्यको बारेमा...
...विश्वस्त बनाउँदै सभाघरमा निडरतापूर्वक प्रचार गरे ।
त्यस मार्गको बारेमा केही मानिसहरूले खराबी बोलेतापनि, पावलले टिरायिनसको सभागृहमा दैनिक दुई घण्टासम्म सिकाए ।
धेरै यात्रीहरू सिक्नका निम्ति स्कुलमा आए....
...अनि तिनीहरूले एशियाभरि सुसमाचार लिएर गए ।


परमेश्वरले पावलको हातबाट धेरै आश्चर्यकर्महरू गर्नुभयो र उनले प्रचार गरेको सुसमाचारको सत्यतालाई सुदृढ गर्नुभयो ।
परमेश्वरले पत्रुस र अन्य प्रेरितहरूलाई दिनुभएको भूतात्मा निकाल्ने अधिकार पावललाई पनि दिनुभयो ।



कोही कोहीले पावलको आश्चर्यकर्म नक्कल गर्न खोजे।
यहूदी प्रधान पूजाहारी स्केभाका सात भाइ छोराहरू थिए।
तिनीहरूले भुतात्मा निकाल्ने काम अभ्यास गर्न खोजे।
पावलले प्रचार गरेको येशूको नाउँमा म यी भूतात्माहरूलाई निस्केर जान आज्ञा गर्दछु!
येशूलाई म चिन्दछु, अनि पावललाई पनि म चिन्दछु तँ चाहिँ को होस् नि?
आ...


आ ...
बचाउ !
त्रसित भएर ती सात भाइहरू चोटै चोटै बनाएर नाङ्गै घरबाट भागे ।
पावलले कसरी येशूको शक्तिद्वारा भूतात्मामाथि विजय पाए...
अनि अन्य धार्मिक अगुवाहरू चाहिँ शक्तिहीन ठहरिए....
...यो खबर एफिससभरि चाँडै फैलियो ।


यो हिँडाइले तपाईँलाई अलिकति भए पनि राहत मिल्यो होला !
हाम्रा प्रिय विश्वासी साथीहरूले येशूमा भन्दा बढी व्यवस्थापालनमा विश्वास गरेको कुरा सुन्दा दुःख लाग्छ ।
त्यहाँ के हुँदैछ ?
तपाईँले तन्त्रमन्त्रको खराबीबारे धर्मशास्त्रबाट सिकाउनुभएको थियो...
...त्यसैले एफिसस वासीहरूले तन्त्रमन्त्रको पुस्तकहरू जलाउँदैछन् !
यी पुस्तकका मुद्राहरू ५०,००० चाँदीका टुक्राहरू मोलका छन् !
स्वर्गका नयाँ नागरिकहरूले शैतानको कामलाई नरकको आगोमा फर्काउँदैछन् ।
प्रभु येशू, यी पुस्तकहरूलाई हाम्रो घरमा रहन दिएकोमा हामीलाई क्षमा गरिदिनुहोस् !
अबदेखि कुनै जादूगरी वा मृतकसित कुरा गर्ने काम हुनेछैन !
धर्मशास्त्र मात्रै तिमीहरूको निर्देशिका हुनेछ !

प्रेरित १९:१९–२०


केही दिनपछाडि डिमेट्रियस नाउँ गरेका एकजना चाँदीका शिल्पकारले मिश्री र त्यही पेशाका अन्य कामदारहरूलाई भेला गराए।
साथीहरू हो!
देवी डायनाका मूर्तिहरू बेचेर अहिलेसम्म हाम्रो जीविका चलिरहेको छ!
तर यो पावल भन्ने मान्छेले हामीले बनाएको मूर्तिहरू ईश्वर नै होइन भनी धेरैलाई बहकाउँदैछ!
यी विदेशीहरूले हाम्रो धर्मलाई तिरष्कार गरेर हाम्रो आम्दानीलाई नष्ट गर्न खोज्दैछन्!
एफिससकी देवी डायना महान् हुन्!
कृपया, सुन्नुहोस्! यो पावलले हामी सबैको पक्षमा बोल्दैनन्!
तिमी पनि ऊ जस्तै यहूदी त हौ नि! उसलाई यहाँबाट बाहिर निकाल!


एफिससकी देवी डायना महान् हुन् !
एफिससकी देवी डायना महान् हुन् !
तिनीहरू के भन्दैछन्, तिनीहरू नै जान्दैनन् !
दुई घण्टासम्म भीड क्रोधित भएर डायनाको जयजयकार गर्दै ख्रीष्टको सुसमाचारको विरुद्धमा घृणाका शब्दहरू ओकलिरहे ।
यी श्रोतागणलाई मैले सुसमाचार प्रचार गर्नैपर्छ !
यी श्रोतागण होइनन्, यो त उपद्रो मच्चाउने भीड हो !
तिनीहरूले तपाईंलाई मार्नेछन् !
अन्त्यमा, राज्यपालले भीडलाई सम्बोधन गरे ।
हे एफिससका बासिन्दा हो, हाम्रो महान् सहर डायना देवीको मन्दिरको संरक्षक हो !
यी मानिसहरूले जे नै भनेतापनि यो परिवर्तन हुन सक्तैन ।
यदि डेमेट्रियस र उसका कारिगारहरूलाई उजूरी गर्नुछ भने...
...तिनीहरू अदालतमा जाऊन् ।
यदि यहाँ दङ्गफसाद भइरहेको छ भनेर रोमले थाहा पायो भने हामीले दुःख मात्रै पाउनेछौँ !
मेरो अनुरोध छ, आ-आफ्नो घर फर्कनोस् !
एफिससमा तीन वर्ष बितिसकेछ, अब ग्रीक मण्डलीहरूमा भेटघाट गर्न जाने मेरो इच्छा छ ।
त्यसपछि, परमेश्वरको इच्छा भए, रोमतिर जानेछु ।
सारा संसारमा सुसमाचार पुर्‍याउनको निम्ति कति उत्तम ठाउँ ?!


कोरिन्थबाट हामी त्रोआसतिर गयौँ । आइतबारको दिन हामी संगतिको लागि भेला भयौँ ।
पावलले मध्य रातसम्म वचनबाट सिकाउँदै रहे ।
"ओह् !"
युटिकस !
हाम्रो छोरो... मऱ्यो !
चिन्ता नगर ! परमेश्वरले उसको प्राण फर्काउनु भएको छ !


तपाईँको वचन सुनेर निदाउँदा निदाउँदै खसेको घटना यो पहिलोपल्ट त होइन होला ।
होइन, तर जब यो खबर सबैतिर पुग्नेछ, यो अन्तिम हुनेछ ।
यो आश्चर्यकर्म देखेर त्यो झुण्ड हामीसितै रहेर बिहानसम्मै कुरा गर्दैरहे ।
कोही पनि झ्यालको छेउमा बसेनन् ।

प्रेरित २०:७-१२


त्रोआसबाट हामी  मिलेटस लगायत थुप्रै ठाउँहरू गयौं ।
पावलले एफिससपारि समुद्री यात्रा गर्ने निर्णय गरे । उनी पेन्टिकोसको निम्ति यरूशलेम जान चाहन्थे ।
त्यसैले, पावलले एफिससका एल्डरहरूलाई उनलाई मिलेटसमा भेट्न भने ।
परमेश्वरको आत्माले मलाई यरूशलेमतिर जान कर लगाउँदै हुनुहुन्छ ।
धेरैले मलाई नजान चेतावनी दिएका छन् ।
मैले भोग्नुपर्ने कैद र कष्टहरूको बारेमा परमेश्वरले मलाई भन्नुभएको छ ।
तर म मेरो जीवनलाई कुनै मोलको ठान्दिनँ...
...यति मात्र चाहन्छु कि म आफ्नो दौड सिध्याउन सकूँ र परमेश्वरको अनुग्रहको सुसमाचारको गवाही दिनसकूँ ।
तपाईंहरूले यस संसारमा मलाई फेरि देख्न सक्नुहुन्न ।
याद गर्नुहोस्...तपाईंहरूलाई परमेश्वरको सम्पूर्ण अभिप्राय घोषणा गर्नदेखि म पछि हटिनँ ।
तपाईंहरू आफ्नै निम्ति र आफ्नो बगालको निम्ति सावधान रहनुहोस्...
...भेडाको भेषमा ब्वाँसारुपी अगमवक्ताहरू तपाईंहरूलाई  स्वाहा गर्न पर्खिरहेका छन् ।

प्रेरित २०:१५


हामी जहाज चढी प्यालेष्टाइनतिर गयौँ र यरुशलेमतिर अघि बढ्यौँ ।
भाइ पावल ! अन्यजातिहरूको माझमा भइरहेको परमेश्‍वरको कामको बारेमा सुनेर हामी अत्यन्तै खुशी छौँ !
तपाईं यहाँ रहुञ्जेल चाहिँ आइपर्न सक्ने कष्टहरूदेखि टाढै रहनुहोला !
तर कष्टहरूदेखि भाग्ने कुरा पावलले जानेका थिएनन् ।
मन्दिरको भाकल पूरा गर्न पावलले आफ्नो कपाल खौरेका थिए तर त्यसले पनि उनको उद्देश्यमा सहायता गरेन ।
ग्रीकहरूलाई मन्दिरमा प्रवेश गराउने यही हो !
कृपया मलाई मानिसहरूसित बोल्न दिनुहोस् ।
भीडले तिम्रो कुरा सुन्नेछैनन्, बरु तिमीलाई मार्न चाहिँ अघि सर्लान्...
...हेरौँ न अब रमाइलो ।



पावलले ग्रीक र हिब्रु दुवै भाषामा राम्रोसित बोले:
म टार्ससमा जन्मेको ग्रीक हुँ तर यहाँ यरूशलेममा हुर्केको हुँ...
...अनि रब्बी गमलिएलबाट शिक्षा पाएर बडो जोशका साथ यहूदी व्यवस्थालाई पछ्याउँदै आएको थिएँ ।
मैले यसमा मार्गका पुरुष तथा स्त्रीहरूलाई सताएँ अनि झ्यालखानमा पनि हालेँ ।
परिषद्‌ले मेरो बारेमा गवाही दिन सक्छन् ।
येशूका अनुयायीहरूलाई पक्रन जब म दमस्कस नजीकै पुगेँ....
...तब एउटा ठूलो ज्योति मेरो वरिपरि चम्क्यो । अनि स्वर्गबाट आएको एउटा आवाजले भन्यो :
“म नासरतको येशू हुँ जसलाई तिमी सताइरहेका छौ”
यसलाई पन्साइदेऊ !
यस्ता मानिसहरूलाई जीउन दिइनु हुन्न !
पावललाई कोर्रा लगाउन अह्राइयो ।
के दोषी नठहरिएको मानिसलाई कोर्रा लगाउन न्यायसङ्गत हो त ?
मैले त रोमी नागरिकता किनेको हुँ ।
म जन्मसिद्ध रोमी हुँ ।


अर्को दिन पावललाई महासभाको सामुन्ने लगियो...
...त्यो त्यही ठाउँ थियो जहाँ त्यही सुसमाचारको निम्ति स्तिफनस मर्नुपर्छ भनी उनैले विवाद गरेका थिए।
भाइहरू हो, म एउटा फरिसी हुँ र फरिसीकै छोरो हुँ।
पुनरुत्थान माथि विश्वास नगर्ने सदुकीहरू र पुनरुत्थान माथि विश्वास गर्ने फरिसीहरू दुवै पक्षले सुनिरहेका छन् भन्ने कुरा पावललाई थाहा थियो।
मृतकको पुनरुत्थान हुन्छ भन्ने कुरामा विश्वास गरेको कारण मेरो मुद्दा चलिरहेको छ!
त्यसपछि पुनरुत्थानको विषयलाई लिएर फरिसी र सदुकीहरूबीच चर्काचर्की हुन थाल्यो।
पुनरुत्थान भन्ने कुरा हुँदैहुँदैन!
तिनीहरूले कैदीलाई च्यातच्युत पार्नुअघि नै हामी निस्कीहालौं!
पुनरुत्थान परमेश्वरको सत्यता हो!


त्यस रात कैदकोठामा, पावललाई भेट्न कोही आए...परमेश्वरका पुत्र स्वयम् !
साहस गर ! जसरी तिमीले मेरो बारेमा यरुशलेममा गवाही दियौ, त्यसरी नै रोममा पनि दिनुपर्छ !
... उनका भतिजा !
तिम्रो भतिजा हो ?
हो ! तिमीलाई भेटेको निकै लामो समय भयो नि !
मसित राम्रो खबर त छैन...
...मैँले मन्दिरका अगुवाहरू कुरा गरिरहेको सुनेको थिएँ !
तिनीहरूले यसो भन्दैथिए...
....हामीले भाकल गरेका छौँ !
पावल नमरेसम्म हामी न त खानेछौँ, न त पिउनेछौँ !
अनि हामी आफै उसलाई मार्न इच्छुक छौँ !


तिनीहरू चालीस जनाभन्दा बढी छन् !
महासभाले तपाईँलाई बोलाउनेछन् ।
अनि जब तपाईँलाई यहाँबाट अन्त सार्नेछन्, तब चालीस जना मानिसहरूले तपाईँको हत्या गर्नेछन् !
के ?
कृपया, मेरो भतिजालाई सेनापतिकहाँ लिएर गइदिनुहोला ।
ऊ सित एकदमै महत्त्वपूर्ण जानकारी छ !
धन्यवाद !
आमाले उहाँको माया पठाउनुभएको छ ।
अहिलेलाई बिदा, काका !
जाऔँ हामी !

प्रेरित २३:१८


रोमीहरूको स्वामित्त्वमा रहँदा कुनै पनि कैदी मृत्यु हुनु तिनीहरूको लागि स्वीकारयोग्य थिएन ।
उसलाई सुरक्षित संघ शाउत्रलिया लैजाउ, राज्यपाल फेलिक्स कहाँ राख्नुहोस्।
सिजेरियामा, पावलको विरुद्धमा मुद्दा चलाउन प्रधान पूजाहारी हननियाले तर्तुल्लसलाई नाउँका एक जना वकिललाई लगाएका रहेछन् ।
माननीय फेलिक्स, यो उपद्रोले यहूदीहरूको माझमा दङ्गा फसाद मच्चाउने मात्र काम गरिरहेको छ ।
नासरी भनिने पन्थका यिनी नाइके नै हुन् !
म खुशीसाथ आफ्नो बचावटमा बोल्नेछु ।
म येशूको मार्गलाई पछ्याउँछु, मेरो आशा परमेश्वरमा छ ।
तिमीले भनेको यो “मार्ग” देखि म परिचित छु ।
सबै मानिसहरूको पुनरुत्थान हुन्छ भन्ने मेरो विश्वास हो...
...सबै मानिसहरूको न्यायकर्ता सृष्टिकर्ताको अघि एकदिन सबैजना खडा हुनुपर्नेछ ।
फेलिक्सले दुवै पक्षलाई सुने ।
निर्णयको लागि प्रतीक्षा हुँदैगर्दा, पावललाई तिनका साथी भाइहरूलाई भेट्न अनुमति दिइयो ।


पछि, फेलिक्सले आफ्नी पत्नी द्रुसिल्लालाई पनि पावलको कुरा सुन्न साथमा लिएर आए ।
परमेश्वरको एक मात्र पुत्रमा पाइने अनन्त जीवनको सुसमाचार म प्रचार गर्छु ।
हामीले गरेका सबै कामहरूको बारेमा एकदिन न्याय आउनेछ !
तर येशू ख्रीष्टद्वारा क्षमा पनि छ !
हाम्रा पापहरू चिन्न गाह्रो छैन !
अनि हामीले संयम अभ्यास गर्नुपर्छ....
अहिलेलाई भयो !
फेलिक्सले पावललाई दुई वर्षसम्म सिजेरियाको झ्यालखानामै राखेर गए ।
पावलको छुटकाराको दामस्वरुप उनीबाट घुसको आशा गरेका थिए उनले ।
यस परिस्थितिमा पनि पावलले सुन्नेहरू सबैलाई येशूको बारेमा बताए ।
पछि फेलिक्सको ठाउँमा फेस्तस आए ।
धार्मिक अगुवाहरूले पावललाई यरूशलेम पठाउन फेस्तसलाई अनुरोध गरे...
...यो पावलको विरुद्धको अर्को षडयन्त्र थियो ।
यसले हाम्रो व्यवस्थाको बारेमा बोल्दछ ।
यसले मन्दिरको विरुद्धमा बोल्दछ ।
यो सिजरको शत्रु हो ।
तिनीहरूले आफ्नो कुनै पनि आरोप प्रमाणित गर्न सकेनन् ।


सिजेरिया फर्कनुअघि फेस्तसले पावललाई आफ्नो अघि उपस्थित हुन बोलाउन पठाए ।
के तिमी यरूशलेममा गएर त्यहाँ मेरो सामुन्ने यी कुराका विषयमा इन्साफ गरियोस् भन्ने इच्छा गर्छौ ?
यी आरोपहरू आधारहीन छन् भनी तपाईं जान्नुहुन्छ
म स्वयं सिजरकै सामु इन्साफ माग्ने अधिकार चाहन्छु !
तिमी रोमी नागरिक हौ ।
तिमीले सिजरकहाँ अपील गर्‍यौं, तिमी सिजरकहाँ नै जानेछौ !
पावल रोमतर्फको यात्रामा जानुअघि, राजा हेरोद अग्रिपास.....
र उनकी पत्नी बरनिकी फेस्तससितै पावलले बोलेको कुरा सुन्न त्यहाँ आइपुगे ।


...यी मानिस पावल हुन् जसलाई मानिसहरू प्रेरित भनेर भन्दछन् ।
हे, राजा हेरोद, हजूरको सामुन्ने आफ्नो बचावटमा बोल्न पाएकोमा म आफैलाई भाग्यशाली ठान्दछु ।
यहूदीहरूका सबै प्रथा र शिक्षाहरूसित हजूर परिचितै हुनुहुन्छ ।
म नासरतका येशूको शत्रु थिएँ...
प्रचण्ड क्रोधमा मैले उहाँका शत्रुहरूलाई सताएँ...
तब एकदिन येशू मकहाँ प्रकट भएर भन्नुभयो, "म तिमीलाई तिनीहरूका आँखाहरू खोल्नलाई पठाउँदैछु...
ताकि तिनीहरूले पापको क्षमा पाउन सकून् ।"
त्यसैकारण, हे राजा अग्रिप्पा, म त्यस स्वर्गीय दर्शनप्रति अनाज्ञाकारी भइनँ ।
सबैले पश्चाताप गरून् र परमेश्वरतिर फर्कून् भन्ने म चाहन्छु ।
यसैकारण तिनीहरूले मलाई मार्न खोजेका हुन् ।
पावल, तिमी बौलाहा होस् !
तिम्रो धेरै विद्याले तिमीलाई बौलाहा तुल्याएको छ !
होइन । म सत्य र सुबुद्धिका कुराहरू बोल्दछु ।
राजा अग्रिप्पाले यी सबै कुराहरू जान्नुहुन्छ ।


पावल, यति छोटो समयमा तिमी मलाई ख्रीष्टियन बनाउन खोज्दछौ ?
थोरै समयमा होस् कि धेरैमा, यी साङ्ला छोडेर हजुर मात्र होइन तर मेरो कुरा सुन्ने सबै...
म जस्तै होऊन् भन्ने मेरो चाहना छ ।
यसले सिजरकहाँ अपील नगरेको भए त यस मानिसलाई छोडिदिए पनि हुन्थ्यो ।
युलियस नाउँ गरेका एउटा कप्तानले पावल र अन्य कैदीहरूलाई रोम जानका निम्ति जहाज चढाए ।
थेसलोनिकेका भाइ अरिस्तार्खस पनि हाम्रो साथमा थिए ।
युलियसले पावललाई दया देखाए....
...उनले जहाजभित्र यता उता घुम्न पावललाई अनुमति दिए...
जहाज सिजेरियाबाट सिदोनतिर लाग्यो, त्यसपछि ठूलो बतास चलेको कारण साइप्रस हुँदै हामी माइरामा आइपुग्यौँ ।
GALATIA
CILICIA
CNIDUS
MYRA
PAMPHYLIA
CRETE
SALMONE
FAIR HAVENS
CAUDA
CYPRUS
SIDON
CAESAREA
JERUSALEM
EGYPT
हामी समुद्रको किनार किनारै भएर अघि बढ्यौँ ।



मौसम लामो यात्रुहरूको लागि खतरनाक भएको थियो किनभने यो वर्षको ढिलाइ भयो ...
हिउँद आउँदैछ। मौसम अब झन् झन् नराम्रो हुँदै जानेछ।
वर्षको यस समयमा, जहाज यो असुरक्षित बन्दरगाहमा धेरै लामो समयसम्म रहनुहुन्न।
Sirs, I believe there is trouble ahead if we go on--perhaps shipwreck, loss of cargo, injuries, and death.
But the officers in charge of the prisoners listened more to the ship's captain and the owner than to Paul.
And since the exposed harbor was a poor place to spend the winter the crew advised to move further up the coast and try to winter there.
When a gentle south wind began to blow they thought they had what they wanted.


प्रेरित २७:९-१३


आकस्मिक तूफानमा जहाजलाई टुक्रिनदेखि जोगाउन लङ्गरसित जोडिएका डोरीहरू काटियो।
अर्को २४ घण्टासम्म तूफानले बन्द हुने नाउँ नै लिएन। पतिङ्गर जस्तै हामी तूफानको गतिमा बहन थाल्यौं।
खाना र पानीबाहेक सबै थोक फ्याँकिदेऊ!
आँधीले हामीलाई लगातार पिटि नै रह्यो।
रोक! मानव जीवन बाहेक सबै थोक फेरि पाइन्छ!
तेस्रो दिनसम्ममा, बैचैन कप्तानले....
....जहाजका डोरी र भेट्टाएका जति जम्मै मालमत्ताहरू फ्याँकिसकेका थिए।


हामीले बाँच्ने सबै आशा गुमाइसकेका थियौँ।
पावल, मैले राजाहरूका राजाको सन्देश ल्याएको छु!
साथीहरू हो, मैले तपाईँहरूलाई भनेकै थिएँ तर...
तपाईँहरू क्रेटमा नै रोकिनुपर्ने थियो।
साहस गर्नुहोस्, कोही पनि हताहत हुनेछैन....
...जहाज मात्र नष्ट हुनेछ।
हिजो राति परमेश्वरका दूतले मलाई भन्नुभयो, "नडराऊ, पावल, तिमी सिजरको सामु खडा हुनुपर्छ।
अनि परमेश्वरले जहाजमा भएका सबैका प्राणलाई रक्षा गर्नुहुनेछ।"

प्रेरित २७:२०–२४


चौथौँ रात बित्यो र हामी अझै एड्रियस समुद्रमा हुत्तिरहेका थियौँ ।
जमिन ! मैले जमिन देखेँ !!!
छब्बीस मिटर गहिरो रहेछ । कुनै चट्टानमाथि गएर ठक्कर खानअघि नै लङ्गरलाई तल खसालिहाल ।
यी मानिसहरू जहाजमा बसेनन् भने तपाईँहरू बाँच्न सक्नुहुनेछैन ।
सैनिकहरूले डुङ्गाका डोरीहरू काटिदिए र डुङ्गालाई जान दिए ।
दुई हप्तासम्म तपाईँहरू डरमा रहनुभयो अनि खाना पनि खानुभएन ।
अब खानुहोस् !
तपाईँहरूलाई बल चाहिन्छ ।
धन्यवाद, पिता, हामीलाई छुटकारा दिने प्रतिज्ञा गर्नुभएको लागि ।
यी मानिसहरूलाई पापको अन्धकारदेखि छुटकारा दिएर येशूको सुसमाचारको ज्योतिमा ल्याउनुहोस् ।


जहाजको अघिल्लो भाग दलदलमा ठोक्किएर भासियो अनि पछिल्लो भाग चाहिँ तूफानको झोंकामा परेर जहाज भत्किन थाल्यो।
हामीले कैदीहरूलाई मार्नुपर्छ, नत्र तिनीहरू भाग्नेछन्।
हुन्न!
जो पौडिन सक्छन्, तिनीहरू पानीमा अहिल्यै उत्रिहाल!
बाँकी चाहिँ जहाजका फल्लेकहरूमा पौडेर किनारातिर लाग!
हामी माल्टाको मरुभूमिमा आइपुग्यौं जस्तो लाग्यो।
त्यहाँ बासिन्दाहरूले तिनीहरूप्रति दया देखाए।
SSSSSSS


यो त यहाँको सबैभन्दा विषालु सर्प हो । यसले डस्यो भने त मान्छे केही मिनेटमै मर्छ ।
यो मान्छे पक्कै पनि ज्यानमारा हुनुपर्छ ।
यो समुद्रबाट त उम्केर आयो तर अब न्यायकी देवीले यसलाई बाँच्न दिनेछैनन् ।
पावल शरीर सुनिनेछ र मर्नेछ भनी त्यहाँका बासिन्दाहरूले प्रतीक्षा गर्न लागे ।
पावललाई केही बिगार नभएको देखेपछि तिनीहरूले आफ्नो विचार परिवर्तन गरे ।
कुनै मानिस पनि यो सर्पको डसाइबाट बाँचेको छैन ।
यिनी त ईश्वर हुनुपर्छ !
म त एउटा मानिस मात्र हुँ ! उठ्नुहोस् र मेरो कुरा सुन्नुहोस् ।
म तपाईंहरूलाई एउटा साँचो परमेश्वरको बारेमा बताउनेछु ।
उहाँ सर्वशक्तिमान र पवित्र परमेश्वर हुनुहुन्छ तर तपाईंहरूको लागि एउटा असल खबर छ !




उत्पत्ति ३:१५, प्रेरित २८:७


उहाँलाई ज्वरो आएको छ अनि आउँ पनि लागेको छ ।
एउटा शंकालु डाक्टरले यस्तो साँचो आश्चयकर्म देखेको भए उसले ताजूब मान्ने थियो ।
पब्लियसको बुबाको चँगाइपछि....
परमेश्वरले पावलद्वारा माल्टाभरि अन्य थुप्रै बिरामी मानिसहरूको लागि चँगाई दिनुभयो ।
अन्त्यमा हामी जहाज चढेर रोमतर्फ तयार भयौँ ।
माल्टाका बासिन्दाहरूले हामीलाई चाहिए जति सामानहरू हामीलाई दिए ।


हामी सिराक्युस, रोमको उत्तरतिर पर्ने सिसिलीको समुद्री यात्रा गर्दै अन्त्यमा अप्पियसको बजारमा हिँड्दै थियो ।
जब पावल प्रेरित रोम आउँदैछ भनी वचन फैलियो.....
...तब सहर पुग्दासम्ममा येशूका अनुयायीहरूले हामीलाई स्वागत गर्न आइपुगेका थिए ।
रोम विशाल थियो अनि त्यहाँ घना बस्ती थियो, झण्डै दश लाख मानिसहरू त्यहाँ बसोबास गर्दथे ।
पावललाई एक्लै एउटा कोठामा बस्ने अनुमति मिल्यो ।
...अनि एउटा सिपाहीले उनलाई पहरा दिइरहन्थे ।
म उहाँको नजिकै बस्थेँ अनि उहाँलाई खाना, पुस्तक र लेख्ने सामग्रीहरू ल्याइदिन्थेँ ।

प्रेरित २८:१६


पावलले स्थानीय यहूदी अगुवाहरूलाई भेला हुनका निम्ति बोलाए ।
भाइ हो, मैले हाम्रो मानिसहरू वा हाम्रो व्यवस्थाको विरुद्धमा केही गरेको छैन ।
रोमीहरूले मलाई छुटकारा दिन चाहेका थिए तर केही धार्मिक अगुवाहरूले आपत्ति जनाए ।
तपाईंको विचार के हो, हामी तपाईंबाट सुन्न चाहन्छौं....
....किनकि यस पन्थको विरुद्धमा मानिसहरूले नराम्रो कुरा मात्र बोल्दछन् ।
पावलको घरमा थुप्रै मानिसहरू आउँथे अनि उनले परमेश्वरको राज्यको बारेमा उनीहरूलाई सुनाउँथे अनि उनीहरूलाई मोशा र अगमवक्ताहरूको पुस्तकबाट येशूको सम्बन्धमा विश्वस्त पार्ने प्रयास गर्थे ।
कतिले विश्वास गरे, कतिले गरेनन् ।
तिनीहरू पावलको अन्तिम वचन सुनेर फर्के....
पवित्र आत्माले यशैया अगमवक्ताद्वारा ठीकै भनेका हुन्, "यहूदीहरूलाई भन...."
"तिमीहरूले सुन्न त सुन्छौ, तर कहिल्यै बुझ्दैनौ, किनकि तिमीहरूको हृदय बोधो भएको छ अनि तिम्रा कानहरूले सुन्दैनन् अनि तिमीहरूले आफ्नो आँखा बन्द गरेका छौ नत्रता तिम्रा आँखाले देख्नेथिए, कानले सुन्नेथिए, हृदयले बुझ्नेथिए र म तिमीहरूलाई निको पार्ने थिए ।"
त्यसैले म तिमीहरूले यो महसुस गरेको चाहन्छु कि यो परमेश्वरबाटको मुक्ति अन्यजातिहरू सबैको लागि हो अनि उनीहरूले यसलाई स्वीकार गर्नेछन् ।
पावल दुई वर्षसम्म आफ्नो भाँडाको कोठामा बसे र उनीकहाँ आउने सबैलाई स्वागत गर्दै परमेश्वरको राज्य र प्रभु येशूका बारेमा विना रोकटोक शिक्षा दिन्थे ।